# सामुदायिक विद्यालयको शिक्षण सिकाइमा वित्तीय व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकायद्वारा संचालित

स्नातकोत्तर तह (एम. एड) द्वितीय

बर्षको आशिंक आवश्यकता

परिपूर्तिको लागि

प्रस्तुत

शोधपत्र


सोधार्थी

खेमराज आचार्य

क्याम्पस रोल नं.-१६५/२०६४

परीक्षा रोल नं.-१००७७/२०६६

त्रि. वि.वि. दर्ता नं. - ३८१८३-९०

श्री महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

शैक्षिक योजना तथा व्यवस्थापन विभाग


२०७०

# प्राक्कथन

सामुदायिक विद्यालयको शिक्षण सिकाइमा वित्तीय व्यवस्थापन शीर्षकमा गरिएको यस सोध अनुसन्धानमा विभिन्न तथ्यहरुको विश्लेषण गरी निष्कर्षमा पुग्नेकाम भएकोले आगामी दिनहरुमा यस क्षेत्रमा हुनसक्ने खोज तथा अनुसन्धानका लागि यसबाट सहयोग पुग्न सक्नेछ  भन्ने विश्वास लिएको छ ।

अध्ययन अनुसन्धान आफैमा एउटा गहन, जटिल तथा खोजमुलक कार्य हो । यस्तो जटिल तथा चुनौतीपूर्ण कार्यलाई कुशलतापूर्वक मार्गनिर्देश प्रदानगरी सहयोग, सल्लाह एवं सुझावका साथै हौसला प्रदान गर्नुहुने आदर्णीय गुरु तथा सोध निर्देशक श्री बद्री फुयंल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी समय समयमा सल्लाह, सुझाव दिनुहुने आदरर्णीय गुरु श्री केशर जंग मगर प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस सोध कार्यलाई सम्पन्न गर्ने क्रममा नमूना छनौटमा परी आवश्यक सूचना तथा जानकारीहरु उपलब्ध गराउनु हुने शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अभिभावक ज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यसैगरी सोधकार्यलाई अगाडीबढाउन आवश्यक पर्ने सन्दर्भ सामग्रीहरु उपलब्ध गराइदिने त्रि.वि. केन्दीय पुस्तकालय किर्तिपुर, सुकुना बहुमुखि क्याम्पस, म.र.व. क्याम्पस इलाम साथै जिल्ला शिक्षा कार्यालय इलामप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

यस सोधपत्रको पाण्डुलिपिलाई समयमा नै टंकन गरी सहयोग पुऱ्याउनु हुने ब्रिलियन्ट इन्टरनेशनल इन्टिच्युट लक्ष्मीपुरका प्रोपाइटर श्री याम प्रसाद आचार्य ज्यू प्रति पनि आभार व्यक्त गर्दछ ।

अन्त्यमा यस सोधपत्र तयारपार्ने क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग पुऱ्याउनुहुने मेरा मित्रहरु श्री राजेन्द्र अधिकारी, श्री कुमार राज दाहाल र वीरेन्द्र कुमार साह लगायत अन्य सम्पूर्ण महानुभावहरुलाई पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

खेमराज आचार्य

# शोधसार

*सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइमा वित्तीय व्यवस्थापन शीर्षक छनौटगरी यो शोधपत्र तयार पारिएको हो । यस अध्ययनको मुख्य उद्देश्य सामुदायिक विद्यालयहरुमा वित्तीय व्यवस्थापनका स्रोतहरुको खोजी गर्नु र सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धिको पहिचान गर्नु रहेको छ ।*

*परिमाणत्मक ढाँचामा तयार पारिएको प्रस्तुत अनुसन्धानमा लक्ष्मीपुर गाउँ विकास समितिका दुईवटा सामुदायिक माध्यमिक विद्यालयहरुलाई नमूनाको रुपमा छनौटगरी उक्त विद्यालयमा माध्यमिक तहमा अध्ययनरत २० जना विद्यार्थी, विद्यार्थीका अभिभावकहरु मध्ये २० जना, शिक्षकहरु मध्ये ६ जना, प्रधानाध्यापक २ जना र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष २ जना गरी कूल ५० जनालाई नमूना जनसंख्या रुपमा उपयोग गरिएको छ ।*

*यस अनुसन्धानमा प्रश्नावली अन्तरवार्ताका सहायताले प्राथमिक तथ्याङ्कहरु संकलन गरिएको छ भने द्वितीय तथ्याङ्कको रुपमा मूल्याङ्कन बहि, भर्ना बहि, आय-व्यय हिसाब खातालाई उपयोग गरिएको छ ।*

*सामुदायिक विद्यालयहरुमा सरकारी तथा गैह्रसरकारी स्रोतबाट आर्थिक अनुदान प्राप्त हुने गरेको पाइयो । सरकारी अनुदान अन्तर्गत छात्रवृत्ति, पाठ्यपुस्तक, शैक्षिक सामग्री र भौतिक निर्माण तथा मर्मत जस्ता विद्यार्थी कल्याणका क्षेत्रमा अनुदान प्राप्त हुने गरेको पाइयो । गैह्रसरकारी स्रोत अन्तर्गत गाउँ विकास समिति, गाउँ शिक्षा योजना र अभिभावकहरुबाट आर्थिक अनुदान प्राप्त हुने गरेको पाइयो ।*

*सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिलाई हेर्दा सन्तोषजनक देखिएन । विद्यार्थीहरुको तह पारगर्ने दर ज्यादै न्यून देखिन्छ । कक्षा दोहोर्‍याउने दर, विचैमा पढाई छोड्ने दर र कक्षा छोड्ने दर उच्च हुनुले सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धि खस्कदै गएको निष्कर्षमा पुग्न सकिन्छ ।*

*अनुसन्धानको क्रममा देखिएका चुनौती तथा समस्याहरुलाई समाधान गर्न सहयोग पुगोस भन्ने उद्देश्यले विभिन्न तीन तहमा सुझावहरु प्रस्तुत गरिएको छ । सामुदायिक विद्यालयहरुमा भावी शैक्षिक नीति तथा कार्यक्रम निर्माणगरी प्रभावकारी स्रोतव्यवस्थापनमा सहयोग पुगोस भन्ने उद्देश्यले नीतिगत तह, वर्तमान योजना तथा कार्यक्रमहरु प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकियोस भन्ने उद्देश्यले अभ्यास तह र भविश्यमा शिक्षा क्षेत्रमा थप खोज तथा अनुसन्धान हुन सकुन भन्ने उद्देश्यले अनुसन्धान तहमा समेत सुझावहरु प्रस्तुत गरिएको छ ।*

# विषयसूची

**पृष्ठ**

## परिच्छेद एक
## परिचय


| | |
|---|---|
| अध्ययनको पृष्ठभूमी | १ |
| समस्याको कथन | ७ |
| अध्ययनको औचित्य | १० |
| अध्ययनका उद्देश्यहरु | ११ |
| अनुसन्धानात्मक प्रश्नहरु | ११ |
| अध्ययनको परिसीमा | ११ |


## परिच्छेद दुई
## सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


| | |
|---|---|
| सम्वन्धित साहित्यको पुनरावलोकन | १३ |
| अध्ययनको सैद्धान्तिक खाका | २२ |
| शैक्षिक उपादेयता | २४ |


## परिच्छेद तीन
## अनुसन्धान विधि


| | |
|---|---|
| अनुसन्धानात्मक ढाँचा | २५ |
| अध्ययनको जनसङ्ख्या र नमूना छनौट | २५ |
| अनुसन्धानका साधनहरु | २७ |
| तथ्याङ्कका स्रोतहरु | २८ |
| तथ्याङ्क सङ्कलन प्रकृया | २९ |
| तथ्याङ्क विश्लेषण प्रकृया | ३० |


## परिच्छेद चार
## नतिजाको विश्लेषण


| | |
|---|---|
| सामुदायिक विद्यालयहरुमा वित्तीय व्यवस्थापनका स्रोतको खोजी | ३१ |
| सामुदायिक विद्यालयमा वित्तको परिचालन प्रकृया | ३३ |
| सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धिको पहिचान | ३६ |
| वित्तीय व्यवस्थापनलाई प्रभाव पार्ने तत्वहरुको खोजी | ३९ |


## परिच्छेद पाँच
## निष्कर्ष र सुझाव


| | |
|---|---|
| निष्कर्ष | ४४ |
| सुझावहरु | ४६ |

**सन्दर्भ सामग्री**
**अनुसूची**

# परिच्छेद एक

# परिचय

## अध्ययनको पृष्ठभूमि

वर्षौ अघिदेखि शिक्षालाई जीवनको तयारीका रुपमा परिभाषित गरिदै आइएको छ । मानव सभ्यताको विकास संगसंगै विकसित भएका विज्ञान तथा प्रविधिले मानवीय जीवन दिनानुदिन जटिल बन्दै आइरहेको छ । फलस्वरुप जीवनको तयारीको लागि गरिने समय, प्रयास र खर्चपनि बढ्दै गइरहेको छ । मानव सिकाइकालागि आवस्यक सामग्री र मानवीय जीवनका आवश्यक सीपको प्राप्ती पनि सूचना प्रविधिको उच्चतम् विकास र विश्वव्यापीकरणका कारण दिनानुदिन महंगा बन्दै गइरहेका छन् । यी यावत कुराहरुले शिक्षा क्षेत्रमा गरिने लगानीलाई समेत प्रभावित बनाएका छन् ( शिक्षा विभागको प्रतिवेदन,२०६६) ।

नयाँ बैज्ञानिक प्रविधि र नयाँ उत्पादन तरिका मानव संसाधनमा निर्भर गर्दछ, जस्को उत्पादन एउटा राम्रो शिक्षा प्रणालीले गर्न सक्दछ । विकासका अन्य क्षेत्रमा गरिएको लगानी बराबर नै यदि शिक्षा क्षेत्रमा लगानी गर्ने हो भने राष्ट्रिय आयको वृद्धिदरमा अन्य क्षेत्रको लगानीले भन्दा शिक्षा क्षेत्रमा गरिएको लगानीले वढी योगदान दिने गर्दछ । कुनैपनि राष्ट्रको शिक्षा र विकास एउटा सिक्काका दुई पाटा जस्तै अन्तरनिर्भर हुने भएकोले सरकार, समाज तथा व्यक्तिले शिक्षा क्षेत्रमा लगानीको दर बडाउनु पर्दछ (भट्टराई, २०६६) ।

मुलुकको चौतर्फी विकासका लागि शिक्षालाई प्रमुख माध्यमको रुपमा लिइएको छ । “सबैकालागि शिक्षा र विकासका लागि शिक्षा” को अवधारणहरुलाई आत्मसात गरी शिक्षालाई राष्ट्रको यथार्तसंग गाँसेर उपलब्ध स्रोत र साधनको समुचित प्रयोगबाट मात्र मुलुकको विकासलाई अघि बढाउन सकिन्छ । देश विकासकालागि उपयुक्त जनशक्ति उत्पादन गर्नका लागि देशले अख्तियार गरेको शिक्षा नीतिको प्रमुख भूमिका रहन्छ । त्यसैले सक्षम, उत्पादनशिल, अनुशासित तथा सामाजिक दायित्व प्रति जिम्मेवार नागरिक उत्पादन गर्न सबैको पहुँचभित्र आउने प्रकारको गुणात्मक शिक्षाको विकास गर्दै २१ औं शताब्दीमा राष्ट्रका सामु देखापर्ने चुनौतीहरुको सामना गर्न सक्ने जनशक्ति उत्पादनमा जुट्न आवश्यक छ (दशौ योजना २०५९-०६४ को कार्यपत्र, २०५९) ।

अन्य सामाजिक क्षेत्रमा गरिएको लगानी जस्तै शिक्षा क्षेत्रमा गरिएको लगानीबाट पनि राष्ट्रलाई आवश्यक पर्ने दक्ष्य र अर्धदक्ष्य जनशक्तिहरु प्राप्त हुने गर्दछ । कुनैपनि देशको आर्थिक विकासमा मानवीय स्रोत प्रमुख आर्थिक आधार हो । स्वच्छ, दक्ष्य र जाँगरिला मानवीय श्रमशक्तिद्वारा नै देश विकासको गति अघि बढ्न सक्दछ । गुणात्मक रुपले मानवीय साधनहरुलाई सम्पन्न तुल्याउन अल्पविकसित मुलुकहरुले आफ्ना जनताहरुलाई औपचारिक र अनौपचारिक शिक्षाका अवसरहरु प्रदान गर्नु पर्दछ (सिग्देल, २०५६) ।

जुनसुकै क्षेत्रमा गरिने आर्थिक लगानीका बारेमा चर्चा गर्दा कुल गार्हस्थ्य उत्पादन, कुल राष्ट्रिय उत्पादन र समग्र अर्थतन्त्र नै लगानीका निर्धारक तत्वहरु हुन्छन् । शैक्षिक लगानीको पक्षबाट अध्ययन गर्दा सामाजिक लाभ (Social payoff) को सिद्धान्तका आधारमा सार्वजनिक खर्चको आदर्श (Optimum) हिस्सा शिक्षामा खर्च गर्ने र त्यबाट अधिकतम प्रतिफल प्राप्त हुने गरी लगानी गर्नुपर्छ (काफ्ले र साथीहरु, २०६४) ।

रहेक राष्ट्रले आफ्नो वार्षिक योजना तथा कार्यक्रम अनुरुप प्राथमिकताका आधारमा गरिने लगानीको मात्रा उल्लेख गरेको हुन्छ । शिक्षा क्षेत्र जुनसुकै राष्ट्रका लागि अति महत्वपूर्ण क्षेत्र हो । तसर्थ यस क्षेत्रमा के कति लगानी गर्ने ? किन गर्ने ? कसरी गर्ने ? आदि प्रश्नहरुमा केन्द्रित रहेर साथै समयको माग र परिस्थितिको गम्भीर अध्ययन गरेर गरिएको लगानीले फाइदा पुग्दछ । विशेष गरी विकासोन्मुख मुलुकहरुमा विविध समस्याले गर्दा विद्यार्थी भर्ना, शैक्षिक खर्च आदि जस्ता क्षेत्रमा उतारचढाव भइरहन्छ । तसर्थ शिक्षाको लगानी एक देश र अर्को देश मात्र नभएर एउटै देश भित्र पनि औपचारिक र अनौपचारिक शिक्षाका बीच, शिक्षा क्षेत्रका विभिन्न तहका बीच, शिक्षाको आकार र प्रकारबीच साथै समय, परिस्थिति र स्थानअनुसार फरक पर्नेहुन्छ (पूर्ववत) ।

सन् १९८० को दशकमा संसारमा विभिन्न राष्ट्रहरु ले GNP को २.९% शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने मान्यतालाई अगाडि ल्याएका थिए । त्यस्ताका GNP मा १% ले वृद्धि भएको देखियो । यस्तो हुनुका पछाडि उत्पादनको अधिकांश भाग उपभोग भई न्यून बचत हुनु र औद्योगिक, प्राविधिक साथै सामाजिक मागमा पनि वृद्धि हुनाले शिक्षा क्षेत्रमा गरिएको लगानी प्रभावित भएको पाइयो (काफ्ले र साथीहरु, २०६४) ।

शिक्षा क्षेत्रमा भएका वर्तमान अध्ययन, अनुसन्धानले देखाएअनुसार विकासोन्मुख देशमा प्राथमिक शिक्षाको झण्डै ९०% बजेट तलवमा नै खर्च हुन्छ । तसर्थ गरिब मुलुकको शिक्षाको हरेक तह यही हिसाबले प्रभावित हुने तथ्यलाई नकार्न सकिदैनन् । नेपालमा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) ले सरकारी बजेटको १७% शिक्षामा लगानी गर्नुपर्ने र शिक्षा क्षेत्रको कुल बजेटबाट ५५% आधारभूत तथा प्राविधिक शिक्षामा खर्च गर्नुपर्छ भन्ने नियमानुसार सिद्धान्तमा राम्रो पक्ष देखिए पनि कार्यान्वयनको पक्ष सन्तोषजनक छैन । शिक्षाका लागि पनि यति नै लागनी हुनुपर्छ भन्ने छैन तर पनि विश्वको शैक्षिक वातावरण, देशको भौगोलिक, सामाजिक, राजनैतिक, सांस्कृतिक अवस्था साथै उपलब्ध साधन, स्रोत र शैक्षिक जनशक्तिको पर्याप्तताका आधारमा राष्ट्रले शैक्षिक लगानी गर्नुपर्छ
(पूर्ववत) ।

विश्व परिवेशमा शैक्षिक लागानीका विभिन्न नमूनाहरु देखा परेका छन् । विशेष गरेर सरकारी लगानी, निजी लगानी र संयुक्त लगानी (सरकारी र निजी क्षेत्र) शैक्षिक लागनीका प्रमुख नमूनाहरु हुन् । मित्रराष्ट्र भारत र सिंगापुरमा आधारभूत तह सम्मको शिक्षा पूर्ण सरकारी लगानीमा आधारित छ । माथिल्ला तहहरुमा संयुक्त लगानी र निजी लगानीले प्रस्चय पाएको देखिन्छ । अमेरीकि शिक्षा प्रणालीमा माथिल्ला तहहरु बढी खर्चिला भएकोले अधिकांश अमेरिकी विद्यार्थीहरु यूरोप लगायत ल्याटिन अमेरीकि मुलुकहरुमा उच्च शिक्षा अध्ययन गर्न जाने गरेको पाइन्छ ( बुजुदा, २०६३ बाट उदृत) ।

प्राचिन तथा मध्य युगमा नेपालमा गुरुकुल शिक्षा पद्धति अभ्यासमा थियो, जसमा शिक्षा प्राप्त गर्न विद्यार्थी स्वयम्ले केही न केही मूल्य चुकाउनु पर्दथ्यो । आदिम शिक्षा पद्धतिमा मदरसा, गुठी, विहार, गुम्वा जस्ता शैक्षिक निकायहरु शिक्षा प्रदान गर्ने संस्थाको रुपमा थिए । राणाकालिन शिक्षा कुलिन वर्गका लागि मात्र सीमित थियो । बिशेष गरी शासकका छोराछोरीहरु मात्र शिक्षाको अवसर उपयोग गर्दथे । त्यस समयको शैक्षिक लगानी पूर्णरुपले नेशनल ट्रेजरी (राज्यकोष) मा निर्भर थियो (शर्मा, २०५७) ।

आधुनिक औपचारिक शिक्षाको सुरुवातको रुपमा लिइएको दरवार हाइस्कूल (१९१०) को दैनिक पठनपाठनको खर्च कसरी मिलाइन्थ्यो भन्ने बारेमा स्पष्ट तथ्याङ्क फेला नपरेपनि वि.सं.

१९३४ श्रावण १ देखि कम्पनी रु २००/- (अक्षरेपी दुई सय) का दरले तलब खानेगरि हेडमास्टरको नियुक्ति गरिएको थियो । सम्बत १९४३ आश्विन २१ गते देखि असिष्टेण्ड हेडमास्टरको समेत व्यवस्था गरि उनलाई सालको रु २४६०/- (अक्षरेपी दुई हजार चार सय साठी) तलब भत्ता दिने व्यवस्था  समेत मिलाइएको थियो । राणा प्रधानमन्त्री देवशमशेरले संम्वत १९५८ मा भाषा पाठ्शालाको स्थापना गरी शिक्षामा सामाजिक न्यायको समेत शुरुवात गरेका थिए । उनले भाषा पाठ्शालामा भर्ना भएका विद्यार्थीहरुलाई वर्षको नौ मुरी धान, महिनाको ५ रुपयाँ भत्ता, फागु खेल्न केहि खर्च र दिउँसोको खाजा खुवाउने गुठीको समेत व्यवस्था गरेका थिए (शर्मा, २०५७) ।

सम्वत १९९६ मा लागू गरिएको शिक्षा इस्तिहारले प्राथमिक तह देखि नै विद्यार्थीहरुलाई शुल्क लगाउने व्यवस्था गरेको थियो । उत्त इस्तिहारले मधेश र पहाडमा प्राथमिक शिक्षाको पहिलो दुई श्रेणीको मोरु ३२ पैसा शुल्क तोकेको थियो भने नवौ र दशौ श्रेणीको दर मोरु ३ तोकिएको थियो । प्रत्येक वर्ष हरहिसाव खडा गरि पाठशाला वन्दोवस्त अड्डा मार्फत डाइरेक्टर जनरललाई पेश गर्नुपर्ने र पाठशालामा भर्ना भएका २० प्रतिशत गरिब विद्यार्थीहरुलाई निशुल्क पढाउने व्यवस्था समेत गरेको थियो (न्यौपाने, २०६३) ।

२००७ सालको परिवर्तन पछि शिक्षामाथि लगानीको सन्दर्भमा दुई प्रकारका लगानीका पद्धतिहरु अभ्यासमा आए । समूदायले स्थापना गरेका विद्यालयमा समुदाय आफैले मात्र लगानी गर्ने र सरकार र समुदायको संयुक्त लगानीमा सञ्चालन गर्ने । २०१८ सालमा गठित सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिले शिक्षालाई निःशुल्क बनाइनुपर्ने सुझाव सरकार समक्ष पेश गरेको थियो । उक्त समितिको सुझाव अनुसार २०२७ सालमा विद्यालयलाई वर्गिकरण गरी प्राथमिक विद्यालयलाई क्रमश वर्षिक रु १,१००/-, रु २,२००/-, र रु ३,३००/-, निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरुलाई रु २,४००/- देखि रु ७,२००/- तथा उच्च शिक्षालयहरुलाई रु २०,०००/- देखि रु ४५,०००/-  सम्म सरकारी अनुदान दिने व्यवस्था गरिएको छ (सिन्हा, २०६५) ।

रा.शि.प.को योजना (२०२८-३२) लागू भएपछि समुदायबाट सञ्चालित सबै विद्यालयहरु सरकारी स्वामित्वमा आए । यो योजना लागू भएपछि सम्पूर्ण शिक्षा प्रणालीलाई  राष्ट्रियकरण गरी निरीक्षण, व्यवस्थापन, शिक्षक तालिम, परीक्षा, मूल्याङ्कन जस्ता प्रकृयाहरुलाई एकद्वार प्रणाली अन्तर्गत सञ्चालन गर्न सुरु गरियो । शिक्षा प्रणालीलाई राष्ट्रियकरण गरेपनि आर्थिक व्यवस्थापन

मुख्यतय सरकारले र आंशिक रुपमा अभिभावकहरुले गर्ने गर्दथे । योजना लागू भएपछि विद्यालय अनुदान कार्यक्रम अन्तर्गत दुर्गम जिल्लामा निम्न माध्यमिक र माध्यमिक शिक्षकको तलव भत्ता सरकारले सतप्रतिशत बेहोर्नुको साथै दुर्गम भत्ताको समेत व्यवस्था गरिएको थियो । बाँकी अन्य ठाउँका लागि निम्न माध्यमिक र माध्यमिक शिक्षकको तलब भत्ता बापत क्रमश ७५ प्रतिशत अनुदान दिने व्यवस्था गरिएको थियो (अध्ययनहरुको प्रतिवेदन २०६४-०६५, ०६६) ।

२०४८ सालको जननिर्वाचित सरकारले शैक्षिक वर्ष २०४८/४९ को बजेट बक्तव्य मार्फत माध्यमिक तह (६-१०) को शिक्षा आउँदो शैक्षिक सत्र २०४९/५० देखि क्रमश निशुल्क गर्दै जाने घोषणा गर्‍यो । यसका साथै सरकारले सम्पूर्ण तहका शिक्षकहरुलाई सतप्रतिशत तलवी अनुदान दिने घोषणा गरे पश्चात माध्यमिक शिक्षामा लागत साझेदारी सम्बन्धी मान्यताको समेत अन्त्य भयो । तर २०४९ मा जारी गरिएको शिक्षा नियमावली २०४९ को परिच्छेद २० को उपनियम १ मा सरकारी विद्यालयहरुमा शुल्क उठाउन पाउने व्यवस्था गरिएकोले विद्यालय शिक्षालाई निशुल्क भनी घोषणा गरे पनि यो व्यवहारिक रुपले कार्यान्वयन भएको पाइएन (शिक्षा नियमावली २०४९) ।

नेपालले मानव अधिकार घोषणापत्र १९४८, बालअधिकार घोषणापत्र १९८७ र सन् २०१५ मा “सबैका लागि शिक्षा” र “शिक्षामा समान अवसर” जस्ता अन्तराष्ट्रिय सन्धी तथा अभिसन्धीहरुलाई अनुमोदन गरिसकेको छ । उपयुक्त सन्धी तथा अभिसन्धीहरुले निर्धारण गरेका शैक्षिक लक्ष्यहरु पूरागर्न शिक्षा क्षेत्रको बजेटमा समेत वृद्धि हुँदै आएको पाइन्छ । विभिन्न समयमा नेपालले शिक्षा क्षेत्रमा विनियोजन गरेको लगानी स्थिती हेर्दा आ.व. २०६४/६५ मा कूल बजेटको १७ प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गरिएको थियो । आ.व.२०६०/६१ को तुलनामा आ.व. २०६४/६५ मा शिक्षा क्षेत्रमा थप ३.१ प्रतिशत सरकारी बजेटमा वृद्धि भएको पाईन्छ । यसरी दुई आर्थिक बर्षको बजेटलाई अध्ययन गर्दा शिक्षा क्षेत्रमा सरकारी लगानीमा वृद्धि हुँदै गएको पाइन्छ ( भट्टराई, २०६६) ।

नेपालको सामुदायिक विद्यालयहरुमा सरकारी बजेटको मात्रामा वृद्धि हुँदै गएको माथिका विभिन्न तथ्यहरुले प्रष्ट पारेका छन् । सरकारी लगानीमा भएको वृद्धिसँगै शैक्षिक सुचकाङ्क समेत वृद्धि हुँदै गएको विभिन्न तथ्यहरुले प्रष्ट पारेका छन् । विद्यालय क्षेत्र सुधार योजनाको प्रगति प्रतिवेदन (School Sector Reform Status Report 2010) अनुसार आ.व. २००९–१० मा

सरकारले शिक्षामा कूल ४६.६१ मिलियन रुपैयाँ विनीयोजन गरेको थियो । विनीयोजित बजेटमध्ये करिब ६७ प्रतिशत आधारभूत शिक्षामा र करिब १८ प्रतिशत रकम माध्यमिक शिक्षामा विनीयोजन गरिएको थियो । माथि उल्लेखित क्षेत्र बाहेक उच्च शिक्षामा ११ प्रतिशत, पेशागत विकास कार्यक्रममा २ प्रतिशत, शैक्षिक व्यवस्थापन र प्रसाशनमा २ प्रतिशत र अन्यमा १ प्रतिशत रकम विनियोजन गरिएको थियो ।

बहु प्रतिष्ठित विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले उल्लेख गरे अनुसार सन् २०१५ सम्ममा कूल गार्हस्थ उत्पादनको ३.८ प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने, सन २०१३/१४ सम्ममा कूल अनुमानित राष्ट्रिय बजेट ३६६.४ अरब मध्ये शिक्षा क्षेत्रमा ६८.३ अरव विनियोजन गर्ने र योजनाले निर्दिष्ट गरेको योजना अवधिभर समष्टिगत शैक्षिक खर्च २६२६.०१ मिलियन अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । उक्त अवधिमा सामुदायिक विद्यालयहरुको स्तर सुधार अन्तर्गत भौतिक निर्माण, विद्यार्थीहरुको टिकाउदरमा वृद्धि गर्न आधारभूत तह (१-७) मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्ने, विद्यालयमा न्यूनतम २२० दिन (१००० घण्टा) पढाउनुपर्ने व्यवस्था, विद्यालयको हालको तहगत संरचना परिवर्तन गरी आधारभूत तह १-५ लाई विस्तार गरी १-८ पुऱ्याउने, उच्च माध्यमिक शिक्षालाई माध्यमिक शिक्षाको रुपमा समायोजन गर्ने समेत उल्लेख गरिएको छ ।

सरकारले शिक्षा क्षेत्रमा लागू गरेका विभिन्न कार्यक्रमहरुको बाव्जुत छात्रा सहभागिता, शैक्षिक उपलब्धि जस्ता सुचकहरुमा समेत सुधार भएको विभिन्न प्रतिवेदनहरुले देखाएका छन् । सन २०१०-११ मा प्राथमिक तह (१-५) मा भर्ना भएका ४९,५१,९५६ विद्यार्थीहरु मध्ये छात्रा भर्नादर २४९४४७२ देखिन्छ, जुन कुल भर्ना दरको ५०.४ प्रतिशत हो । दलित बालबालिकाको प्राथमिक विद्यालयको भर्नादरमा पनि विगत वर्षको भन्दा १.५ प्रतिशतले वृद्धि भई १४.२ प्रतिशत पुगेको छ । सन् २००९-१० मा कक्षा १ को कुल भर्नादर र खुद भर्नादर क्रमशः १४२.४ र ८९ प्रतिशत पुगेको छ । कक्षा ५ को विद्यार्थी टिकाउदर २००८ को तुलनामा सुधार भएको देखिन्छ । २००८ मा यो दर ७३.४ प्रतिशत थियो भने २००९-१० मा आएर ७७.९ प्रतिशत पुगेको छ (विद्यालय क्षेत्र सुधार योजनाको प्रगति प्रतिवेदन, २०१०) ।

नेपालका सामुदायिक विद्यालयहरुमा प्राप्त हुने सरकारी तथा गैह्रसरकारी अनुदान रकमले सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्र-छात्राहरुको शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पार्दछ

भनी अध्ययन गर्न वान्छनीय ठानिएकोले सामुदायिक विद्यालयको शिक्षण सिकाइमा वितीय व्यवस्थापन शीर्षकमा यो अध्ययन अनुसन्धान अगाडी बढाइएको छ ।

**समस्याको कथन**

मानवीय संसाधनको विकासमा शिक्षा तथा तालिमका विविध अवसरहरुले सकारात्मक प्रभाव पार्ने गर्दछन् । विकासोन्मुख मुलुकहरुले आफ्नो जनसङ्ख्यालाई बढी भन्दा बढी शिक्षित तथा दक्ष्य तुल्याउनु पर्ने कुरालाई विश्वबैङ्क लगायत अन्य दातृनिकायहरुले जोड दिने गरेको पाइन्छ । प्रोफेसर सिङ्गरले वर्तमान समयमा औपचारिक तथा अनौपचारिक शिक्षामा गरिएको लगानीले भविश्यमा मानवीय स्रोतसाधनको विकासमा सकारात्मक योगदान पुऱ्याउने विचार व्यक्त गरेकाछन् । उनको विचारमा शिक्षामा गरिएको लगानीले उच्च उत्पादन मात्रै दिदैनकी उत्पादकत्व वृद्धिमा समेत मद्धत गर्दछ । तर हाम्रो जस्तो अल्पविकसित मुलुकमा कूल राष्ट्रिय उत्पादन ज्यादै न्यून छ । राष्ट्रिय आयको ठूलो हिस्सा दैनिक उपभोगमा नै खर्च हुने भएकोले पूँजी निर्माणदर ज्यादै न्यून छ । जसलेगर्दा शिक्षा, स्वास्थ्य जस्ता सामाजिक क्षेत्रहरुमा अपेक्षाकृत लगानी हुन सकेको देखिदैन ( सिग्देल, २०५६) ।

नेपालमा विद्यालय उमेर समूहका सबै बालबालिकाहरु विद्यालय जान सकिरहेका छैनन् । फ्ल्यास रिर्पोट (२०११-१२) अनुसार प्राथमिक तहको खुद भर्नादर ९५.१ प्रतिशत देखिन्छ । त्यसैगरि कक्षा एकको उत्तीर्णदर ७०.८ प्रतिशत देखिन्छ भने प्राथमिक तह (१-५) को उत्तीर्णदर ८३.१ प्रतिशत रहेको छ । कक्षा एकमा भर्ना भएका कूल विद्यार्थी मध्ये ८२.८ प्रतिशत विद्यार्थीले मात्र कक्षा ५ सम्मको शिक्षा पूरागर्ने गरेको प्रतिवेदनले औल्याएको छ । प्राथमिक तह (१-५) मा कक्षा दोऱ्याउने र बीचैमा पढाई छोड्ने दर क्रमशः ११.५ र ५.४ प्रतिशत रहेको प्रतिवेदनले देखाएको छ । विद्यालय उमेर समूहको जनसङ्ख्याको ठूलो हिस्सा विद्यालय शिक्षाबाट बाहिर रहनु र विद्यालय शिक्षामा प्रवेश गरेको करिव ६ प्रतिशत बालबालिका पनि आधारभूत प्राथमिक शिक्षा पूरानगरि बिचैमा पढाइ छोड्ने प्रवृतिलाई समाज तथा राष्ट्रकै लागि गम्भिर चुनौतीको रुपमा लिन सकिन्छ ।

सन् १९९४ को केन्द्रीय तथ्याङ्क विभागले गरेको जनसंख्या प्रक्षेपण अनुसार प्राथमिक उमेर समुह (५-९) वर्षको जनसङ्ख्या सन् २०११ सम्ममा ३५ लाख पुग्ने अनुमान गरिएको छ । यस प्रक्षेपणले प्राथमिक उमेर समूहको जनसङ्ख्या तिव्ररुपले बढ्ने देखाएको छ । यसबाट प्राथमिक शिक्षामा थप लगानीको आवस्यकता देखिन्छ । जनसङ्ख्या तथा विद्यार्थी सहभागिता दर बढ्दै जाँदा

शैक्षिक खर्चमा समेत वृद्धि गर्दै जानुपर्ने देखिएकोले आउँदा दिनहरुमा सरकारलाई थप आर्थिक भारपर्ने देखिन्छ । शैक्षिक खर्चलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने सम्वन्धमा एक चुनौती देखापरेको छ  (भण्डारी, २०६८ बाट उदृत) ।

शिक्षा क्षेत्रमा अन्तराष्ट्रिय र राष्ट्रिय स्तरमा जे जस्ता प्रयास तथा बहसहरु भएपनि अझै प्राथमिक उमेर समूहका १३ प्रतिसत बालबालिकाहरु विद्यालय बाहिर छन् । त्यसैगरि नि.मा.वि. र मा.वि. तहका खुद विद्यार्थी भर्ना दर क्रमश ७६ तथा ४९ प्रतिशत रहेको देखिन्छ । शैक्षिक मूलप्रवाहीकरणबाट बाहिर रहेका मध्ये अधिकाशं महिला, जनजाति, पिछडिएको समूदाय, अल्पसंख्यक भाषाभाषी समूहका बालबालिकाहरु रहेका छन् । अझैपनि ४६ प्रतिशत प्रौढहरु निरक्षर छन् । शिक्षाको मूलप्रवाहीकरणबाट बाहिर रहेका बालबालिकाहरुलाई शिक्षामा समाहिकरण गर्न त्यतिकै चूनौतीपूर्ण छ भने गुणस्तरीय शिक्षा प्रदान गर्न अझ कठिन छ । शैक्षिक गुणस्तर तथा उत्पादनको मापदण्डको सूचकको रुपमा रहेको बिचैमा पढाई छाड्ने, कक्षा दोहोऱ्याउने र असफल हुनेको प्रतिशत पनि उच्च रहेको छ । शैक्षिक क्षति अझपनि ५० प्रतिशत भन्दा माथि रहेको पाइन्छ (सिन्हा, २०६३)।

नेपालले विद्यालयमा बालबालिकाको खुद भर्नादर सन् २००७ को ८७.९ प्रतिशतबाट वृद्धि गरी सन् २०१० मा ९३.७ प्रतिशत पुऱ्याएर प्राथमिक शिक्षामा महत्वपूर्ण प्रगति हासिल गरेको छ । तर, सन् २०१५ सम्ममा विश्वव्यापी प्राथमिक शिक्षासम्वन्धी सहस्राब्दी विकास लक्ष्य २ हासिल हुन अझै असम्भव देखिन्छ । धेरै नेपाली बालबालिकाले विभिन्न कारणबाट स्तरीय प्राथमिक शिक्षा प्राप्त गर्न सकिरहेका छैनन् । विद्यालयको भौतिक सुविधामा कमी हुनु, भाषिक विभिन्नता रहनु, बालिकाहरुका लागि गुणस्तरीय शिक्षाको पहुँचमा कमी हुनु तथा गरिब परिवार, अवसर नपाएका जातिहरु, आदिवासी जनजाति तथा केही धार्मिक समूहका बालबालिकाको विद्यालयमा उपस्थिति न्यून हुनु यसका प्रमुख कारण देखिएका छन् । यसले गरिबीको दुश्चक्रमा पुऱ्याउने, शिक्षामा कमी हुने तथा रेजगारीका अवसर सङ्कुचित बनाउँछ जसबाट आर्थिकरुपमा अति अवसरविहीन जनसङ्ख्यालाई नै समस्या परिरहेको हुन्छ । अन्ततोगत्वा यस्ता परिवारका बालबालिकाले विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर उच्च भइरहन्छ । परिवार गरिब रहेको अवस्थामा प्रायशः केटीहरुले नै राम्रो शिक्षा हासिल गर्ने अवसर गुमाइरहेका हुन्छन् (बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७) ।

नेपालको सामूदायिक शिक्षामा सरकारी लगानी उल्लेख्य रुपमा वृद्धि भएको तथ्यलाई माथि उल्लेखित विभिन्न तथ्याङ्कहरुले समेत प्रस्ट पारिसकेका छन् । शैक्षिक लगानीमा तुलनात्मक रुपले वृद्धि हुँदै गएपनि सामुदायिक विद्यालयको शिक्षा जुनरुपमा प्रभावकारी, सर्वसुलभ र गुणस्तरीय हुनु पर्ने हो, त्यो रुपमा हुन सकेको छैन् । बढ्दो शैक्षिक बेरोजगारी, सामूदायिक विद्यालयप्रति समूदायको चासो घट्दैजानु, विद्यालय उमेर समूहका सबै बालबालिकाहरु विद्यालयमा भर्ना नहुनु, उल्लेख्य रुपले कक्षा छोड्ने र दोहोऱ्याउने दर नघट्नु, विद्यार्थीहरुको उपलब्धिदर सन्तोषजनक नहुनु, विद्यार्थीहरुको दक्षता माथिल्ला तहहरुमा घट्दै जानु र हाम्रो शिक्षाबाट उत्पादित जनशक्ति वाह्य प्रतिस्पर्धामा कमजोर देखिनु जस्ता कुराहरुले शिक्षामा प्रभावकारिता र गुणस्तरको पक्षमा चुनौती विद्यमान छन् भन्ने कुरालाई प्रष्ट पार्दछन् ।

सन् २०११ म UNESCO ले गरेको अनुसन्धान अनुसार शिक्षाको क्षेत्रमा सवौतम् लगानी गर्दापनि केटीहरुको भर्नादर ४७.६% मात्र पुगेको छ भने केटाहरुको ६८% छ । यो सहरी र सुगम क्षेत्रको मात्र तथ्याङ्क हो । हिमाली र दुर्गम क्षेत्रमा ४८% मात्र भर्नादर छ । UNESCO ले सन् २००९ मा गरेको सर्वेक्षण अनुसार ८२% महिला प्राथमिक तहमा भर्ना हुन्छन् तर ६४% व्यस्क नहुँदै विद्यालय छोड्दछन् । नेपालको विचैमा पढाई छोड्ने दर २०६५ मा ३६.९% , २०६६ मा २९.३% र २०६७ मा २८% रहेको छ (खतिवडा, २०६८) ।

नेपालका सामुदायिक विद्यालयहरुमा विद्यालयहरुको शिक्षण सिकाईमा वित्तीय स्रोतको व्यवस्थापन के कसरी भईरहेको छ र वित्तीय व्यवस्थापनले विद्यालयको शिक्षण सिकाईमा के कसरी मद्दत पुर्याइ रहेको छ भन्ने विषयलाई यस अध्ययनको समस्याको रुपमा छनौट गरिएको छ । सामुदायिक विद्यालयहरुमा शैक्षिक लगानी र शैक्षिक गुणस्तर सम्बन्धमा विभिन्न सरकारी तथा गैह्रसरकारी निकायहरुबाट अध्ययन अनुसन्धानहरु हुँदै आएका छन् । तर यस्ता अध्ययन अनुसन्धानहरु केन्द्रीय वा नीति निर्माण तहबाट मात्र हुने गरेको तर कार्यक्रम कार्यान्वयन तहबाट हालसम्म पनि यस्ता अनुसन्धानहरु नभएकोले उपरोक्त विषयवस्तुलाई अध्ययनको मुख्य समस्याको रुपमा छनौट गरिएको हो । सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइमा सरकारी लगानीले के कस्तो प्रभाव पार्दछ भन्ने विषयवस्तुलाई आधार बनाएर हालसम्म पनि कसैले अध्ययन अनुसन्धान नगरेकोले प्रस्तुत विषयवस्तुलाई समस्याको रुपमा छनौट गरिएको हो ।

सामुदायिक विद्यालयहरुमा वित्तीय स्रोत व्यवस्थापनको अवस्था कस्तो छ, वित्त परिचालनमा के कस्ता प्रकृयाहरु अवलम्बन गरिन्छ, सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइमा वित्तीय स्रोत परिचालनले के कस्तो प्रभाव पारेको छ र वित्तीय व्यवस्थापनलाई के कस्ता तत्वहरुले प्रभाव पारेका छन् भन्ने जस्ता सवालहरुको उत्तर खोज्न यस विषयवस्तुलाई समस्याको रुपमा छनौट गरी अध्ययन कार्यलाई अगाडी बढाइएको हो ।

**अध्ययनको औचित्य**

सामुदायिक विद्यालयहरुको शैक्षिक, भौतिक, आर्थिक, जस्ता पक्षहरुमा विभिन्न अध्ययन अनुसन्धानहरु हुँदै आएपनि सामुदायिक विद्यालयको शिक्षण सिकाईमा वित्तीय व्यवस्थापनको अवस्था र सामुदायिक विद्यालयहरुको शिक्षण सिकाई, गुणात्मकता र प्रभावकारीताका क्षेत्रमा स्थानीयस्तरबाट अध्ययन अनुसन्धानहरु नभएकोले त्यसबारे थप अध्ययन अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिन्छ । शिक्षा क्षेत्रमा भएको विनियोजन एवं खर्च सम्बन्धी विश्लेषण गर्नु अति जरुरी हुन्छ । यस किसिमका विश्लेषणहरुबाट शैक्षिक योजना निर्माण, नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न सम्वन्धित सरोकारवालाहरुलाई मद्दत पुग्ने देखिन्छ ।

यस अध्ययनमा सामुदायिक विद्यालयहरुको शैक्षिक लगानी र खर्चको आधारमा लागत अवस्थाको तथ्यपूर्ण विश्लेषण गरिएको छ । सामुदायिक विद्यालयमा प्राप्त लगानीलाई शैक्षिक उत्पादनसंग तुलनागरि तथ्यपूर्ण ढंगले विश्लेषण गर्ने प्रयास गरिएको छ ।

सरकारले शिक्षा क्षेत्रमा खर्चगर्ने बजेटको ठूलो हिस्सा शिक्षक तलव भत्तामा नै खर्च हुने भएकोले सामुदायिक विद्यालयहरुको वित्तीय समस्याहरु पहिचान गरी थप बजेट व्यवस्थापन गर्नुपर्ने भएमा सो गर्न समेत सम्वन्धित सरोकारवालाहरुलाई मद्दत पुगोस भन्ने अभिप्रायले यो विषयमा अध्ययन गरिएको हो । यो अध्ययनबाट शिक्षक, विद्यार्थी, अभिभावक, शैक्षिक योजनाकार, सरकार तथा नेपालको शिक्षामा सरोकार राख्ने विभिन्न दातृ निकायहरुलाई समेत सहयोग मिल्ने अपेक्षा गरिएको छ ।

**अध्ययनका उद्देश्यहरु**

यस अध्ययनका लागि निम्नानुसार उद्देश्यहरु राखिएको छ ।

१. सामुदायिक विद्यालयहरुमा वित्तीय व्यवस्थापनका स्रोतको खोजी गर्नु ।

२. सामुदायिक विद्यालयहरुमा वित्तको परिचालन प्रकृयालाई खोज्नु ।

३. सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धि पहिचान गर्नु ।

४. सामुदायिक विद्यालयहरुमा वित्तीय व्यवस्थापनमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु ।

**अनुसन्धानात्मक प्रश्नहरु**

यस अध्ययनलाई अगाडी बढाउने क्रममा निम्न अनुसार अनुसन्धानात्मक प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. सामुदायिका विद्यालयहरुमा के कस्ता वित्तीय स्रोतहरु परिचालन गरिएको छ ?

२. सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्था कस्तो छ ?

३. वित्तीय व्यवस्थापनमा के कस्ता तत्वहरुले प्रभाव पार्ने गरेका छन् ?

४. सामुदायिक विद्यालयहरुको वित्तीय अवस्थामा सुधार गर्न के कस्ता कार्यहरु गर्नु पर्दछ ?

**अध्ययनको परिसीमा**

सीमित र निश्चित प्रयोजनको लागि प्रस्तुत यो शोध अध्ययन-पत्र तयार गर्ने कार्यमा समय र जनशक्तिको अभाव छ । त्यसैले यस अध्ययनलाई सामुदायिक विद्यालयको शिक्षण सिकाइमा वित्तीय व्यवस्थापनमा मात्र सीमित गरिएको छ ।

यो अध्ययन इलाम जिल्ला लक्ष्मीपुर गा.वि.स. का दुईवटा सामुदायिक माध्यमिक विद्यालयहरुको माध्यमिक तहमा सीमित रहेको छ । उक्त विद्यालयहरुको माध्यमिक तहमा उपलब्ध सरकारी तथा गैह्रसरकारी स्रोतको मात्र विश्लेषण गरिएको छ । गैह्रसरकारी स्रोत अन्तर्गत सरकारी निकाय बाहेक अन्य निकायहरुबाट उपलब्ध भएको रकमलाई एकमूष्ट विश्लेषण गरिएको छ भने सरकारी अनुदान रकमलाई छात्रवृत्ति, पाठ्यपुस्तक, शैक्षिक सामग्री र भौतिक निर्माणमा प्राप्त अनुदान रकममा सीमित गरिएको छ ।

यो अध्ययन इलाम जिल्लाको लक्ष्मीपुर गा.वि.स. मा सीमित रहेकोले अन्यत्र सामान्यीकरण नहुन पनि सक्छ । यस अध्ययनमा २०६८ सालको विद्यार्थीको उपलब्धिलाई कक्षा पार गर्ने दर, कक्षा दोहोऱ्याउने दर, विचैमा कक्षा छोड्ने दर र अंग्रेजी, नेपाली, गणित र विज्ञान विषयको औसत प्राप्ताङ्कहरुको आधारमा विश्लेषण गरिएको छ ।

# परिच्छेद दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस परिच्छेद अन्तर्गत अध्ययनका विषयवस्तुसंग मिल्दा पूर्व प्रकाशित तथा अप्रकाशित सोध-पत्रहरु तथा सान्दर्भिक अनुसन्धानात्मक लेखरचनाहरुको पुनरावलोकन गरिएको छ । अध्ययनलाई अगाडी बडाउने क्रममा शैक्षिक लागत र लाभको विश्लेषण गर्न उपयुक्त सैद्धान्तिक

खाकाको समेत उल्लेख गरिएको छ । शैक्षिक उपादेयतालाई पनि यसै परिच्छेदमा उल्लेख गरिएको छ ।

**सम्वन्धित साहित्यको पुनरावलोकन**

यस अध्ययनमा पूर्व साहित्य समीक्षाको क्रममा नेपालका सामुदायिक विद्यालयहरुको शैक्षिक लगानी र शैक्षिक उपलब्धि सम्बन्धी साहित्यहरुको समीक्षा गरिएको छ । यस अन्तर्गत विद्यालयको आयस्रोत, सरकारी अनुदान, विद्यालयमा स्रोत परिचालनको अवस्था, शैक्षिक उत्पादन तथा सामुदायिक विद्यालय सम्वन्धित शैक्षिक, भौतिक र मानवीय समस्या जस्ता विषयवस्तुहरुमा केन्द्रित रही पूर्वसाहित्यको पुनरावलोकन गरिएको छ । पूर्वसाहित्य अध्ययन गर्ने क्रममा सामुदायिक विद्यालयहरुको शैक्षिक लगानी, खर्च र उपलब्धि सम्वन्धी अनुसन्धानात्मक लेखरचना र साहित्यलाई आधार बनाइएको छ । संस्थागत विद्यालयलाई आधार बनाएर गरिएका अनुसन्धानले पनि सामुदायिक विद्यालयको शैक्षिक लागत र उपलब्धिको अध्ययन गर्न सघाउ पुग्ने विश्वास लिइएको छ ।

प्रधान (२०६८) अनुसार निम्न माध्यमिक तहमा भर्ना भएका नौ जना लेप्चा समुदायका विद्यार्थीहरु मध्ये ५ जनाले मात्र उक्त तह पुरा गरेका छन् । कुल लेप्चा जातिको जनसंख्या मध्ये २ जनाले मात्र प्रवेशिका परीक्षा उर्त्तीण गरेका छन् । विषेश गरेर न्यून आर्थिक अवस्था, घरायसी कार्य बोझ, चेतनाको अभाव जस्ता कारणले लेप्चा जातिका बालबालिकाहरु शैक्षिक अवसरबाट बञ्चित भएका हुन् ।

अध्ययन गरिएको पूर्व साहित्यमा गोदक गा.वि.स.को वार्ड नं.७ र ८ मा रहेका लेप्चा जातिका बालबालिकाहरुको शैक्षिक अवस्थालाई विष्लेशण गरिएको छ । प्रस्तुत सोध अध्ययनमा लेप्चा जातिका बालबालिकाहरुको तह पार गर्ने दर, विचैमा पढाई छोड्नेदर र विचैमा पढाई छाड्ने कारणहरुलाई विष्लेशण गरिएको छ ।

दाहाल (२०६४) अनुसार नेपालका विद्यालय भर्ना भएका कुल दलित विद्यार्थीहरु मध्ये ३६.६४ प्रतिशत विद्यार्थीहरुले मात्र माध्यमिक तह सम्मको शिक्षा पूरा गर्ने गरेको, १७.१६ प्रतिशत

दलित विद्यार्थीहरु अझै पनि विद्यालय शिक्षाबाट बाहिर रहेको देखिन्छ । सरकारले दलित बालबालिकाहरुको लागि उपलब्ध गराएको छात्रवृत्ति रकम समेत प्रभावकारी हुन नसकेको देखिन्छ ।

इलाम जिल्लाका २० वटा सामुदायिक विद्यालयहरुलाई नमूनाको रुपमा छनौट गरि २०६२, ०६३ र ०६४ को फ्ल्यास रिपोर्टमा आधारित भएर तयार पारिएको प्रस्तुत अनुसन्धानमा दलित विद्यार्थीहरुको शैक्षिक अवस्थालाई विश्लेषण गरिएको छ ।

तुलाधर (२०१०) अनुसार अनुसन्धानमा सहभागी छात्राहरु मध्ये ८ प्रतिशतले सरकारले प्रदान गरेको छात्रवृत्ति प्रति असन्तुष्टि व्यक्तगरे । २८ प्रतिशतले छात्रवृत्ति रकम प्रति सन्तुष्टि व्यक्त गरे भने ६४ प्रतिशत छात्राहरुले उच्च सन्तुष्टि व्यक्तगरे । त्यसैगरी छात्राबास सुविधाले पारेको प्रभाव सम्बन्धमा ७८ प्रतिशतले सुरक्षित महसुस भएको विचार व्यक्ति गरे । त्यसैगरी १७ प्रतिशतले आर्थिक खर्च बचेको विचार व्यक्तगरे भने बाँकी ५ प्रतिशत छात्राहरुले होस्टलको वातावरण वाह्य वातावरण भन्दा खासै फरक नभएको विचार व्यक्त गरे ।

पुनरावलोकन गरिएको साहित्यमा उच्च शिक्षामा प्रदान गरिएको छात्रा छात्रवृत्तिले कोठा देखि अध्ययन सम्म पारेको प्रभावलाई विश्लेषण गरिएको छ । काठमाण्डौ उपत्यकाका तीनवटा छात्राछात्रबासमा बसेर उच्च शिक्षा हासिल गर्ने कूल छात्राहरु मध्ये ४० जना छात्राहरुलाई नमूनाको रुपमा छनौटगरी छात्रवृत्ति कार्यक्रम र छात्रावास प्रतिको उनीहरुको दृष्टिकोणको विश्लेषण गरिएको छ ।

वुजुदा (२०६३) अनुसार आर्थिक वर्ष २०६१⁄ ६२ मा माध्यमिक शिक्षामा गरिएको लगानी मध्ये ७०.३ प्रतिशत सरकारबाट, स्थानीय निकाय तथा विभिन्न संघसंस्थाबाट २७.४ प्रतिसत र अभिभावकबाट २.३ प्रतिशत लगानी गरिएको थियो । माध्यमिक शिक्षाको कूल आम्दानी मध्ये ६७.३ प्रतिशत शिक्षकको तलव भत्तामा, २५.२ प्रतिशत निर्माण तथा मर्मतमा, ६.५ प्रतिशत प्रशासनिक खर्च र १ प्रतिशत अतिरिक्त क्रियाकलापमा खर्च भएको थियो । माध्यमिक तहको शैक्षिक उपलब्धि ज्यादै न्यून रहेको देखिन्छ । शैक्षिक वर्ष २०५८ देखि २०६३ सम्मको कक्षा ९ को औसत उत्तीर्ण प्रतिशत ४२.८ प्रतिशत र सोही अवधीको एस.एल.सी. को औसत उत्तीर्ण दर ४१.६४ प्रतिशत रहेको देखिन्छ ।

पुनराअलोकन गरिएको साहित्यका आधारमा सामुदायिक माध्यमिक विद्यालयहरुमा सरकारी लगानीको हिस्सा ७० प्रतिशत भन्दा माथि देखिन्छ । सरकारी लगानीको करीव ६८ प्रतिशत रकम शिक्षकहरुको तलव भत्तामा नै खर्च हुने भएकोले अन्य क्षेत्रहरु जस्तैः प्रशासनिक, भौतिक निर्माण, अतिरिक्त क्रियाकलाप जस्ता क्षेत्रहरुमा कुल बजेटको २२ प्रतिशत मात्र लगानी भएको देखिन्छ । शिक्षाको गुणस्तरमा वृद्धि गर्न र शिक्षाको मूलधारबाट बाहिर रहेका बालबालिकाहरुलाई मूलधारमा समावेस गर्न लगानीका विभिन्न क्षेत्रहरु पहिचान गरी शैक्षिक लगानीमा वृद्धि गरिनु पर्दछ ।

भट्टराई (२०६६) ले इलाम जिल्लालाई आधार बनाएर सामुदयिक तथा संस्थागत विद्यालयको शैक्षिक लागत र उपलब्धि सम्वन्धी गरिएको अध्ययन अनुसार सामुदायिक विद्यालयमा कूल आयको ९८.१ प्रतिशत रकम शिक्षक कर्मचारीको तलव भत्तामा खर्चहुने गर्दछ । त्यसै गरि भौतिक सेवा सुविधामा ०.१ प्रतिशत, प्रशासनिक खर्च ०.२५ प्रतिशत, अतिरिक्त क्रियाकलापमा ०.१३ प्रतिशत र अन्य शीर्षकमा १.५ प्रतिशत खर्च भएको देखिन्छ ।

संस्थागत विद्यालयको शैक्षिक खर्चलाई विश्लेषण गर्दा शिक्षक कर्मचारीको तलव भत्तामा ७६.३ प्रतिशत, भौतिक सुविधा विस्तारमा ४.७ प्रतिशत, प्रशासनिक खर्चमा ५.८ प्रतिशत, अतिरिक्त क्रियाकलापमा १.८ प्रतिशत, अन्य शीर्षकमा १.१ प्रतिशत खर्च भएको देखिन्छ भने १३.२ प्रतिशत बचत भएको देखिन्छ ।

यस अध्ययनले निकालेको निष्कर्ष अनुसार सामुदायिक विद्यालयको वित्तीय अवस्था संस्थागतको भन्दा राम्रो भएपनि शिक्षण सिकाईसंग सम्वन्धित क्षेत्रहरुः शैक्षिक सामग्री, अतिरिक्त क्रियाकलाप जस्ता क्षेत्रहरुमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा न्यून लगानी भएको दखिन्छ । शैक्षिक उपलब्धि दरलाई हेर्दापनि संस्थागत विद्यालयहरु अगाडी देखिन्छन् । शैक्षिक क्षति (कक्षा दोऱ्याउने र बीचैमा पढाई छोड्ने ) पनि संस्थागतको तुलनमा सामुदायिक विद्यालयमा उच्च देखिन्छ ।

भण्डारी (२०६८) अनुसार प्राथमिक विद्यालयहरुको आय स्रोतको रुपमा सरकारी अनुदान ७८.३३ प्रतिशत, अभिभावकबाट शुल्क ०० प्रतिशत, नीजि स्रोत ०० प्रतिशत, स्थानीय निकाय २०.९० प्रतिशत र अन्य स्रोत ०.७७ प्रतिशत देखिन्छ । खर्च तर्फ विश्लेषण गर्दा शिक्षक तलव

भत्तामा ८०.५८ प्रतिशत, कर्मचारी तलब भत्तामा ३.०८प्रतिशत र अन्य विविध शीर्षकमा १६.३४ प्रतिशतमात्र खर्च हुने गरेको पाइन्छ। प्रति विद्यालय वार्षिक खर्च रु ५८४१८०/- देखिन्छ।

अध्ययन गरिएको पूर्व साहित्यमा मावु स्रोतकेन्द्रका ५ वटा सामुदायिक प्राथमिक विद्यालयहरुलाई नमूनाको रुपमा छनौट गरी लागत विश्लेषण गरिएको छ। प्राथमिक विद्यालयहरुको कूल आम्दानीको स्रोत मध्ये करिब ७९ प्रतिशत स्रोत सरकारी अनुदानबाट प्राप्त हुने र बाँकी स्रोतको रुपमा स्थानिय निकायलाई देखाइएको छ। विद्यालयमा वार्षिक रुपले प्राप्त आम्दानी मध्ये करिव ८४ प्रतिशत रकम शिक्षक कर्मचारीको तलव भत्तामा नै खर्च हुने र अन्य क्षेत्रमा ज्यादै न्यून करिब १६ प्रतिशत रकम खर्च भएको देखिन्छ।

घिमिरे (२०६५) अनुसार शैक्षिक वर्ष २०६४ मा सामुदायिक माध्यमिक विद्यालयहरुमा कूल खर्च मध्ये तलव भत्तामा ६९.९ प्रतिशत प्रशासनिक खर्चमा ८.१ प्रतिशत, निर्माण तथा मर्मत मा २०.९ प्रतिशत र अन्य शैक्षिक कार्यक्रममा ०.९ प्रतिशत खर्च गरेको देखिन्छ। त्यसैगरी माध्यमिक तहमा तहपार गर्ने दर शैक्षिक वर्ष २०६० मा ६८.२ प्रतिशत, २०६१ म ७३.२ प्रतिशत, २०६२ मा ६९.६ प्रतिशत र २०६३ मा ७५ प्रतिशत र २०६४ मा ७७.२ प्रतिशत देखिन्छ।

पुनरावलोकन गरिएको साहित्यमा काठमाण्डौ जिल्लाका सामुदायिक माध्यमिक विद्यालयहरुमा गरिएको आर्थिक लगानी र शैक्षिक उपलब्धि विच तुलना गरिएको छ। ५ वटा सामुदायिक विद्यालयहरुलाई नमूनाको रुपमा छनौटगरी विद्यालयहरुको औसत खर्च र औसत शैक्षिक उपलब्धिलाई विश्लेषण गरिएको छ।

न्यौपाने (२०६३) अनुसार अध्ययन गरिएका विद्यालयहरुको औसत वार्षिक आम्दानी मध्ये सरकारी अनुदान ७४.६ प्रतिशत जनसहभागिता ५.३ प्रतिशत गैह्सरकारी संस्थाको सहयोग ४२ प्रतिशत, स्थानीय निकायको अनुदान ५ प्रतिशत, स्थानीय निकायको अनुदान ५ प्रतिशत विद्यार्थी शुल्क १.१ प्रतिशत र अन्य आम्दानी ०.२ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी विद्यालयको वार्षिक खर्चलाई हेर्दा कूल वार्षिक खर्चको ७१.७ प्रतिशत तलव भत्तामा, ०.४ प्रतिशत प्रशासनिक खर्च, ११.४ प्रतिशत निर्माण मर्मत र अन्य शीर्षकहरु छात्रवृत्ति, शैक्षिक सामग्री, खेलकुद, पुस्तकालय र लेखापरिक्षणमा ११.४ प्रतिशत रकम खर्च भएको देखिन्छ।

फरमेटिभ अनुसन्धान परियोजना (२०६४) अनुसार नमूना छनौटमा परेका विद्यालयहरु मध्ये एउटा विद्यालयमा सम्पूर्ण बजेटको ७० प्रतिशत तलवभत्तामा खर्च भएको थियो भने अर्को विद्यालयमा सोही शीर्षकमा ९१ प्रतिशत रकम खर्च भएको थियो । सामान्यतय विद्यालयहरुमा कूल आयको ६० देखि ८० प्रतिशत रकम तलब भत्तामा खर्चहुने गरेको देखिन्छ । गुणस्तरीय शिक्षाकालागि सर्ववर्तता दर (Retention Rate) ९० प्रतिशत, उत्तीणात्मक दर ९० प्रतिशत, उपलब्धि दर ६० प्रतिशत, र तहपारगर्ने दर ६० प्रतिशतलाई मानक तथा मापदण्डको रुपमा निर्धारण गरिएको छ ।

पुनरावलोकन गरिएको साहित्य त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड्) ले तयार पारेको कार्यमूलक अनुसन्धानको अंश हो । यस अनुसन्धानले सामुदायिक विद्यालयहरुमा खर्चको अवस्था र गुणस्तरीय शिक्षाका लागि आवस्यक न्यूनतम मानक तथा मापदण्डहरु उल्लेख गरेको छ ।

आचार्य (२०६१) अनसार माध्यमिक विद्यालयहरुको कूल आयस्रोत मध्ये सरकारी अनुदान ८५.२७ प्रतिशत, अभिभावकको लगानी ५.४१ प्रतिशत र अन्य स्रोतबाट प्राप्त आम्दानी ५ प्रतिशत रकेको पाइन्छ । त्यसैगरी कूल आम्दानी मध्ये ८.९ प्रतिशत शिक्षक तलव भत्तामा ४.२ प्रतिशत कर्मचारी तलबभत्तामा १.०१ प्रतिशत मसलन्दमा ०.३६ प्रतिशत शैक्षिक सामग्रीमा रु अन्य शीर्षकमा नगन्य मात्रामा मात्र खर्चभएको देखिन्छ । अभिभावकहरुले गर्ने कूल शैक्षिक खर्चलाई हेर्दा पोशाकमा ४३.८४ प्रतिशत, स्टेशनरीमा ४१.५७ प्रतिशत र अन्य शीर्षकमा १४.५९ प्रतिशत खर्चगर्ने गरेको देखिन्छ ।

पुनारावलोकन गरिएको साहित्यमा सुर्खेत जिल्लाका सामुदायिक विद्यालयहरुको आम्दानी र खर्चको विश्लेषण गरिएको छ । यस अध्ययनले सामुदायिक विद्यालयहरुमा अभिभावकहरुले गर्ने खर्चलाई समेत विश्लेषण गरेको छ ।

पराजुली (२०६४) अनुसार शैक्षिक वर्ष २०६१ र ६२ मा छात्रा भर्नादर क्रमशः ४३ प्रतिशत र ४४ प्रतिशत देखिन्छ । वि.सं. २०६२ मा छात्राहरुको कक्षापार गर्ने दर क्रमशः कक्षा १ मा ६२

प्रतिशत, कक्षा २ मा ७५ प्रतिशत, कक्षा ३ मा ७१ प्रतिशत र कक्षा ४ र ५ मा क्रमशः यो दर ७१ र ७८ प्रतिशत देखिन्छ । सोही शैक्षिक वर्षमा छात्राहरुको कक्षा छोड्नेदर न्यूनतम् ३ प्रतिशत देखि अधिक्तम् १२ प्रतिशत देखिन्छ ।

समिक्षा गरिएको सोधपत्रको मूख्य उद्देश्य मोरङ्ग जिल्लाको प्राथमिक तहमा छात्राहरुको शैक्षिक अवस्था, अवसर र चुनौतीहरुको खोजिगर्नु रहेको छ । मोरङ्ग जिल्लाका १० वटा प्राथमिक विद्यालयहरुलाई नमूनाको रुपमा छनौटगरी छात्राहरुको भर्नादार र उपलब्धि दर प्रस्तुत सोधपत्रमा विश्लेषण गरिएको छ ।

निरौला (२०६५) ले एस.एल.सी. परीक्षामा गणित विषयको प्रभाव शीर्षकमा गर्नुभएको अध्ययन अनुसार गणित विषयकयो औसत उपलब्धि दर १४ प्रतिशत देखिन्छ । गणित विषयबाहेक अन्य विषयहरुको औसत उपलब्धिदर क्रमशः अंग्रेजीको २४ प्रतिशत, विज्ञानको २६ प्रतिशत र अन्य विषयको उपलब्धि दर ५० प्रतिशत भन्दा माथि देखिन्छ । गणित विषय पढाउने शिक्षकको अभावहुनु, प्रयोगात्मक शिक्षण विधिको अभाव, वाह्वातावरणमा अन्तरक्रिया गर्ने अवसरको अभाव जस्ता कारणहरुले गणित विषयको उपलब्धि न्यून देखिएको हो ।

पुनरावलोकन गरिएको साहित्यमा वि.सं. २०६४ सालको गणित विषयको औसत उपलब्धि र गणित विषयमा न्यून उपलब्धि हुने कारणहरुलाई समेत औल्याइएको छ ।

थापा (२०६४) अनुसार सामुदायिक विद्यालयहरुमा कुल विद्यार्थी मध्ये वार्षिक रुपमा ६७.२४ प्रतिशत विद्यार्थीहरुले तह पार गर्ने गरेको देखिन्छ । त्यसै गरि संस्थागत विद्यालयहरुमा यो संख्या ७८.२४ प्रतिशत देखिन्छ । सामुदायिक विद्यालयहरुमा वार्षिक परीक्षा र अर्धवार्षिक परीक्षामा प्राप्त अंकका आधारमा कक्षोन्नती हुने गरेको तर संस्थागत विद्यालयहरुमा वार्षिक परीक्षालाई आधार मानेर कक्षोन्नती गर्ने गरेको पाइन्छ ।

पुनरावलोकन गरिएको यस शोधपत्रमा कास्की जिल्लाका संस्थागत र सामुदायिक विद्यालयहरुको विच शैक्षिक उपलब्धिको तुलना गरिएको छ । परीक्षा प्रणाली, लब्धाङ्कपत्र, उपलब्धि मापन जस्ता पक्षहरुमा भिन्नता खोज्ने प्रयास गरिएको छ ।

कार्की (२०६८) अनुसार प्राथमिक तहमा उराँव र गैह्उराँव जातिका बालबालिकाहरुको २०६६ सालको औसत शैक्षिक उपलब्धि क्रमशः नेपालीमा ३३ र ३९ अंग्रेजीमा २६ र ३१, गणितमा ३२ र ३८ र विज्ञानमा ३२ र ३४ अंक देखिन्छ । उराँउ र गैह्उराँव जातिका बालबालिकाहरुको विषयगत सहसम्बन्धको गुणाँक क्रमशः नेपालीमा १.१७८, अंग्रेजीमा ०.३६, गणितमा ०.७२ र विज्ञानमा ७.६७ देखिन्छ ।

पुनरावलोकन गरिएको प्रस्तुत सोधपत्रमा झापा जिल्लाका ४ वटा सामुदायिक प्राथमिक विद्यालयहरुमा उराँव र गैह् उराँव जातिका बालबालिकाहरुको विषयगत शैक्षिक उपलब्धि बीच तुलना गरिएको छ ।

सेरिड् (१९८४) अनुसार अभिभावकहरुको शिक्षा, बालबालिका प्रति गरिने व्यवहार, पारिवारिक आम्दानी जस्ता पक्षहरुले बालबालिकाहरुको विद्यालय सहभागितामा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । ग्रामिण क्षेत्रमा ४ भागको ३ भाग बालबालिकाहरुलाई भाइबहिनी हेर्ने, घरकुर्ने, घाँस काट्ने, गाईवस्तु चराउने, पानी ल्याउने जस्ता घरायसी कामकाजमा लगाइन्छ ।

न्यौपाने (२०६८) अनुसार शैक्षिक वर्ष २०६६ मा औसत ११.३६ प्रतिशत र शैक्षिक वर्ष २०६७ मा २०.०२ प्रतिशत दलित विद्यार्थीहरुले विचैमा पढाई छाडेको देखिन्छ । दलित विद्यार्थीहरुले कक्षा छोड्ने प्रमुख कारणहरु मध्ये चेतनाको कमी, विद्यालयप्रति रुची नहुनु, धेरै उमेर जस्ता पक्षहरुलाई जिम्मेवार ठानिएको छ ।

पुनरावलोकन गरिएको प्रस्तुत साहित्यमा शैक्षिक वर्ष २०६६ र २०६७ मा विचैमा पढाई छोड्ने दलित विद्यार्थीहरुको औसत प्रतिशत र विचैमा पढाई छोड्ने कारणलाई विश्लेषण गरिएको छ ।

ढुंगाना (२०६८) अनुसार लिम्बू जातिका विद्यार्थीहरुको कक्षा छोड्ने दर औसत १३.५ प्रतिशत देखिन्छ । जस अन्तर्गत २०६७ मा कक्षा १ मा २१.८ प्रतिशत, कक्षा २ मा १३ प्रतिशत, कक्षा ३ मा ६ प्रतिशत, कक्षा ४ मा १७.६ प्रतिशत र कक्षा ५ मा १३.३ प्रतिशत लिम्बू विद्यार्थीहरुले

कक्षा छोडेको देखिन्छ । त्यसै अवधीमा १५.११ प्रतिशत लिम्बू विद्यार्थीहरुले सोही कक्षा दोऱ्याएका थिए । अध्ययनले प्राथमिक तह पूरागर्ने औसत समय ७ वर्ष लाग्ने तथ्यलाई समेत औंल्याएको छ ।

पाँचथर जिल्लाको चोक्मागु गा.वि.स.का ४ वटा प्राथमिक विद्यालयहरुलाई नमूनाको रुपमा छनौटगरी अध्ययन गरिएको प्रस्तुत सोधपत्रमा लिम्बू जातिका बालबालिकाहरुको २०६७ सालको कक्षा छोड्ने दर र कक्षा दोऱ्याउने दरलाई उल्लेख गरिएको छ ।

खतिवडा (२०६८) अनुसार शैक्षिक वर्ष २०६५, २०६६ र २०६७ मा भर्नाभएका कूल ६३१ जना विद्यार्थीहरु मध्ये ७६ जना विद्यार्थीहरुले विचैमा पढाइ छोडेको देखिन्छ । जातिगत हिसाबले हेर्ने हो भने विद्यालय छोड्ने कूल प्रतिशत मध्ये २.२२ प्रतिशत व्रह्मण/ क्षेत्री र बाँकी ६.६६ अन्य सम्प्रदायका बालबालिकाहरु विद्यालय शिक्षाबाट बाहिरीएको देखिन्छ । विद्यार्थीहरुले विद्यालय छोड्ने मूख्य कारणमा सानै उमेरमा विद्यालयमा भर्ना गरिनु , गरिबी, टिफिन खाजाको व्यवस्था नहुनु, शिक्षाको महत्व नबुझ्नु, स्थानीय भाषाका शिक्षकको अभाव, बसाई सराई लाई लिइएको छ ।

झापा जिल्लाको शान्तिनगर गा.वि.स. मा आधारित भएर तयार पारिएको प्रस्तुत सोधपत्रले विद्यार्थीहरुको प्राथमिक तहमा कक्षा छोड्ने दर र कक्षा छोड्ने प्रमुख कारकतत्वहरुलाई औंल्याइएको छ ।

शिक्षा विभागको प्रतिवेदन (२०६६) अनुसार आ.व. २०६२/०६३ मा सरकारले कूल शैक्षिक खर्च मध्ये चालु खर्चमा १९७६९.२ मिलियन रुपैयाँ र पुँजीगत खर्च अर्न्तगत १६०४.६ मिलियन रुपैयाँ विनियोजन गरेको थियो । आ.व. २०६३/०६४ मा आएर कूल शिक्षा बजेटको ७९१३९.७ मिलियन रुपैयाँ चालू खर्चमा र पुँजीगत खर्चमा ६५१८ मिलियन रुपैयाँ विनियोजन गरिएको थियो । आ.व. २०६२/०६३ मा कूल बजेटको १६ प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गरेको देखिन्छ भने आ.ब. २०६३/०६४ मा १८ प्रतिशत रकम विनियोजन गरेको देखिन्छ । सरकारी खर्चको क्षेत्रलाई पहिचान गर्दा २५ देखि ३० प्रतिशत भौतिक विकास, ४ देखि ६ प्रतिशत लक्षित कार्यक्रम र ६४ देखि ७१ प्रतिशत रकम सामान्य प्रशासनको क्षेत्रमा विनियोजन गरेको पाइन्छ ।

शैक्षिक वर्ष २०६४/०६५ को कक्षा ८ को औसत राष्ट्रिय शैक्षिक उपलब्धि क्रमश: नेपालीमा ४४.४, अंग्रेजीमा ३६.४, सामाजिकमा ५३.४ र विज्ञानमा ४८.८ प्रतिशत देखिन्छ ।

माथिको उपलब्धिलाई हेरेर विद्यार्थीहरुको सीप, कला र क्षमतालाई हेर्ने हो भने विद्यार्थीहरुले जे जति सिकेको पाइयो त्यो भन्दा अझ बढी सिक्नुपर्ने हुन्छ । यस स्तरको सिकाईलाई सन्तोषजनक नभएको मान्नु पर्दछ ( पूर्ववत) ।

शिक्षा विभागको यो प्रतिवेदनले सामुदायिक विद्यालयहरुमा वित्तीय लगानीको अवस्था र शैक्षिक उपलब्धिलाई तुलनात्मक रुपले विष्लेशण गरेको छ । शिक्षा क्षेत्रको बजेट प्रति वर्ष २ प्रतिशतका दरले वृद्धि हुँदै गएपनि चालु खर्चको तुलनामा पुँजीगत खर्चमा विनियोजन गरिएको रकम घट्दै गएको पाइन्छ । विद्यार्थीहरुको शैक्षिक उपलब्धिलाई हेर्दा सन्तोषजनक देखिदैन । अंग्रेजी, गणित र विज्ञान जस्ता विषयहरुमा अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेको देखिन्छ ।

यसरी पूर्वसाहित्य समीक्षा अन्तर्गत प्रस्तुत गरिएका विभिन्न अनुसन्धान एवं अनुसन्धानात्मक लेख रचनाहरुले समुदायिक तथा संस्थागत विद्यालयहरुको स्रोत व्यवस्थापन, परिचालन, शैक्षिक उपलब्धि जस्ता पक्षहरुमा प्रकास पारेका छन् । प्रस्तुत अध्ययनहरुमा सरकारी शैक्षिक बजेटको बाँडफाड, विद्यालयहरुको आयस्रोत, खर्चको ढाँचा, प्रतिव्यक्ति लागत अनुमान, विभिन्न उपलब्धि परीक्षा तथा एस.एल.सी. परीक्षाको नतिजाको आधारमा विद्यालयको दक्षताको परीक्षण, विद्यार्थीको भर्ना अवस्था, कक्षा पारगर्ने दर, छोड्ने दर र कक्षा दोऱ्याउने दर आदिका बारेमा विश्लेषण गरिएको छ । पूर्वसाहित्यको पुनरावलोकनबाट यस अध्ययनको ढाँचा निर्माण, आवश्यक तथ्याङ्क संकलन र विश्लेषण गर्न मद्धत मिलेको छ ।

**सैद्धान्तिक खाका**

यस अध्ययनलाई अगाडी बढाउने क्रममा शैक्षिक लगानी र शैक्षिक उत्पादन वीचको अन्तर सम्बन्धको व्याख्या र विश्लेषण गर्न प्रतिफलको नियम (Low of Returans) लाई सैद्धान्तिक खाकाको रुपमा उपयोग गरिएको छ । यस नियमको प्रतिपादन प्रो. मार्शल (१८७३-१९४९)ले गरेका हुन् । मार्शलका अनुसार कुनै वस्तु उत्पादन हुनका लागि सर्वप्रथम उत्पादनका साधनहरु (भूमि, श्रम, पूँजी र संगठन) को आवश्यकता पर्दछ । उत्पादनका साधनलाई दुई भागमा विभाजन गर्न सकिन्छ । तत्काल परिवर्तन गर्न सकिने साधनहरु; श्रम र पूँजीलाई  परिवर्तनशिल साधन भनिन्छ भने अल्पकालमा परिवर्तन गर्न नसकिने भूमि र संगठनलाई स्थिर साधन भनिन्छ । अन्य साधनहरुलाई स्थित राखेर परिवर्तनशिल साधनहरुमा क्रमशः वृद्धि गर्दै जाँदा उत्पादनमा तीन किसिमका

अवस्थाहरु देखा पर्दछन् । पहिलो उत्पादन वृद्धिको अवस्था, दोस्रो उत्पादनको स्थिर अवस्था र तेस्रो उत्पादन ह्रासको अवस्था (मार्शल, १८७३-१९४९ पौड्याल, २०५२ बाट उदृत) ।

यसरी उत्पादनको नियमले साधन र उत्पादन परिणामा बीचको सम्वन्धलाई विश्लेषण गर्दछ । उत्पादनका साधनमा भएको परिवर्तनको परिणामस्वरुप उत्पादनमा देखापर्ने तीनवटै अवस्थाहरुलाई यहाँ निम्नानुसार विश्लेषण गरिएको छ ।

उत्पादनका अन्य साधनहरुलाई स्थिर राखेर परिवर्तनशिल साधनको परिमाण बढाउँदै जाँदा उत्पादनमा हुन आउने वृद्धिको अनुपात उत्पादनका साधनको वृद्धिको अनुपात भन्दा वढी हुन्छ भने त्यसलाई उत्पादन वृद्धि नियम भनिन्छ । अर्को शब्दमा भन्दा अतिरिक्त साधनको उपयोगबाट प्राप्त उत्पादन क्रमश वृद्धि हुँदै जान्छ भने त्यस अवस्थालाई उत्पादन वृद्धि नियम भनिन्छ । उदाहरणका लागि एक एकाई साधनको प्रयोगबाट कूल उत्पादनमा १० एकाइ प्राप्त भयो । मानौ साधनमा एक एकाई थप गरेर दुई एकाई बनाउँदा उत्पादन १० एकाइबाट बढेर २५ एकाई भयो भने यसलाई उत्पादन वृद्धिको अवस्था मान्न सकिन्छ; किनकी यहाँ साधनमा एक एकाइले वृद्धि गर्दा उत्पादनमा १५ एकाइले वृद्धि भएको छ ।

उत्पादनको स्थिर नियमले के बताउँछ भने उत्पादनका केही साधनहरुलाई स्थिर राखेर अन्य साधनहरुको एकाइमा परिवर्तन गर्दा उत्पादनमा एकनास वा उही दरमा वृद्धि हुन्छ । उदाहरणका लागि एक एकाई साधनको प्रयोगबाट मानौ १० एकाई वस्तु उत्पादन भयो । फेरि साधनमा एक एकाई थप गर्दा वस्तुको उत्पादन मानौं २० एकाई भयो । यसबाट के स्पष्ट हुन्छ भने साधनमा एक एकाइले वृद्धि गर्दापनि उत्पादनमा समान १० एकाइले वृद्धि भएको छ ।

उत्पादन ह्रास नियम उत्पादनको वृद्धि नियमको ठिक उल्टो अवस्था हो । यदि उत्पादनका साधनको परिमाणमा एक एकाइले वृद्धि गर्दा उत्पादनमा सो भन्दा कम एकाइमा मात्र वृद्धि हुन्छ भने त्यस्तो अवस्थालाई उत्पादनको ह्रास नियम भनिन्छ । उदाहरणका लागि एक एकाइ साधनको प्रयोगबाट १० एकाइ वस्तु उत्पादन भयो । साधनमा वृद्धि गरेर २ एकाइ बनाउँदा १५ एकाइ मात्र उत्पादन भयो भने यस अवस्थालाई उत्पादन ह्रास नियम भनिन्छ । यहाँ एक अतिरिक्त वा थप एकाइबाट केवल ५ एकाई मात्र उत्पादन भएको छ (पौड्याल, २०५२ बाट उदृत) ।

भिसम, इ.जे. (१९७१) ले लागत लाभ विश्लेषणको सिद्धान्त प्रतिपादन गर्दै लगानी मूल्याङ्कनको आधारमा परियोजनाको प्रभावकारिता र सम्भाव्यताको छनौट गर्नुपर्दछ भनेका छन् । परम्परागत लागत-लाभ विश्लेषणको दृष्टिकोणले जति धेरै लगानी वृद्धि गऱ्यो त्यती नै प्रतिफल राम्रो हुन्छ भन्ने मान्यता राख्दथ्यो । लगानी सञ्चालनको प्रभावकारितामा ध्यान दिइदैनथ्यो तर वर्तमान समयमा न्यूनतम् लगानीको प्रभावकारी परिचालनबाट अधिकतम् प्रतिफल हासिल गर्नु नै परियोजनाको सफलता ठानिन्छ । यस सिद्धान्त अनुसार लाभ- लागतको आधारमा परियोजनाको मूल्याङ्कन गरिन्छ (भण्डारी, २०६८ बाट उदृत) ।

**शैक्षिक उपादेयता**

प्रो. मार्शल (१८७३-१९४९) को प्रतिफलको नियमले सामुदायिक विद्यालयहरुमा सरकारी लगानी वृद्धिको बावजुद शैक्षिक उत्पादनमा कुन दरले वृद्धि भइरहेको छ भनि विश्लेषण गर्न आधार प्रदान गरेको छ । त्यसैगरि भिसन इ.जे. (१९७१) को लागत-लाभ विश्लेषणको सिद्धान्तका आधारमा न्यूनतम् लगानीलाई प्रभावकारी ढंगले परिचालन गरी अधिकतम शैक्षिक प्रतिफल प्राप्ती तर्फ उन्मूख हुनेगरी आर्थिक लगानीलाई विश्लेषण गर्न सहयोग पुगेको छ ।

विद्यालयमा स्रोत र साधनको अधिकतम् प्रतिफल प्राप्त हुने ढंगले परिचालन गर्न, आर्थिक पारदर्शिता कायम गर्न, सुविधाविहिन वर्गका लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गर्न, भावी शैक्षिक योजना निर्माण गर्न र शैक्षिक लागत र शैक्षिक लाभ जस्ता पक्षहरुमा निर्णयमा पुग्न उल्लेखित सैद्धान्तिक खाकाहरुले सहयोग पुऱ्याएका छन् ।

सम्वन्धित साहित्यको अध्ययनबाट यस अध्ययनमा विभिन्न सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट प्राप्त वित्तीय स्रोतको पहिचान गर्न, वित्तीय स्रोत परिचालन सम्वन्धि कार्य विधिहरुको जानकारी हासिल गर्न र सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धिको पहिचान गर्न मद्दत मिलेको छ ।

उल्लेखित पूर्वसाहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकालाई आधार मानेर तथ्याङ्कका स्रोतहरुको पहिचान गर्न, विश्वसकीय तथ्याङ्क संकलन र विश्लेषण गर्न समेत मद्दत मिलेको छ ।

# परिच्छेद तीन

# अनुसन्धान विधि

यस परिच्छेद अन्तर्गत अनुसन्धानात्मक ढाँचा, अध्ययनको जनसङ्ख्या र नमूना छनौट, अनुसन्धानका साधनहरु, तथ्याङ्क संकलन प्रकृया र तथ्याङ्क विश्लेषण प्रकृयालाई उल्लेख गरिएको छ ।

**अनुसन्धानात्मक ढाँचा**

यो अध्ययन मिश्रित ढाँचाको रहने छ । त्यसैले यस अध्ययनमा तथ्याङ्कहरुको विश्लेषण परिमाणात्मक तथा गुणात्मक विधिबाट गरिएको छ ।

यो अध्ययन प्रमुखरुपमा प्राथमिक तथ्याङ्कमा आधारित छ । यो अध्ययनमा अन्तर्वार्ता तालिका, प्रश्नावली र विद्यालय सर्वेक्षण फारमको प्रयोगगरी आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ । गुणात्मक र संख्यात्मक दुबै किसिमका तथ्याङ्कहरुको प्रयोग गरी यस अध्ययनलाई अगाडी बढाइएको छ । यो अध्ययनले सामुदायिक विद्यालयमा गरिएको आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको गुणात्मक तथा संख्यात्मक विवरण प्रस्तुत गरेको छ ।

**अध्ययनको जनसङ्ख्या र नमूना छनौट**

यस अध्ययनको क्रममा उपयोग गरिएको कुल जनसंख्या र नमूना जनसंख्याको विवरणलाई निम्नअनुसार उपशीर्षकमा देखाईएको छ ।

**अध्ययनको जनसङ्ख्या**

यस अध्ययनलाई अगाडी बढाउने क्रममा लक्ष्मीपुर गाउँ विकास समितिमा रहेका सामुदायिक मध्यमिक विद्यालयहरु ४ वटा, उक्त विद्यालयहरुमा कार्यरत प्रधानाध्यापकहरु ४ जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ४ जना, मध्यमिक तहमा अध्यापन गर्ने शिक्षकहरु ११ जना, माध्यमिक तह (९-१०) मा अध्ययनरत विद्यार्थीहरु १९४ जना र तिनै विद्यार्थीहरुका अभिभावकहरु १८९ गरी कूल ४०२ जनालाई यस अध्ययनको जनसंख्याको रुपमा उपयोग गरिएको छ ।

**नमूना जनसंख्या छनौट**

यस अध्ययनको क्रममा लक्ष्मीपुर गा.वि.स. मा अवस्थित ४ वटा सामुदायिक माध्यमिक विद्यालयहरु मध्ये २ वटा विद्यालयलाई नमूनाको रुपमा छनौट गरिएको छ । छनौट गरिएका सामुदायिक विद्यालयका प्रधानाध्यापक २ जना र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु २ जनालाई नमूनाको रुपमा छनौट गरिएको छ । माध्यमिक तहमा अध्ययनरत कुल १९४ विद्यार्थी मध्ये १० प्रतिशत अर्थात २० जना विद्यार्थी, उनीहरुका अभिभावक मध्येबाट २० जना र नमूना छनौटमा परेका विद्यालयहरुमा माध्यमिक तहमा शिक्षण गर्ने कुल ११ शिक्षकहरु मध्ये ६ जनालाई नमूनाको रुपमा उपयोग गरिएको छ ।

**नमूना छनौट प्रकृया**

इलाम जिल्ला लक्ष्मीपुर गा.वि.स. मा अवस्थित चारवटा सामुदायिक माध्यमिक विद्यालयहरु मध्ये संयोगात्मक नमूना छनौट विधिमा आधारित भई दुईवटा विद्यालयहरु छनौट गरिएको छ । अध्ययनको विषयसंग सम्बन्धित सूचनाहरु संकलन गर्न नमूना छनौटमा परेका विद्यालयहरुमा माध्यमिक तहमा अध्यापन गर्ने कुल एघार शिक्षकहरुमध्ये प्रत्येक विद्यालयबाट तीन जना पर्ने गरि ६ जनालाई संयोगात्मक नमूना छनौट विधिको आधारमा छनौट गरिएको छ ।

छनौट गरिएका विद्यालयमा २०६८ सालमा माध्यमिक तहमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई नमूना जनसङ्ख्याको रुपमा उपयोग गरिएको छ । कूल विद्यार्थी संख्यामध्ये चिठ्ठा प्रणालीमा आधारित भई बीस जना विद्यार्थीहरु छनौट गरी प्रश्नावली भराइएको छ । अभिभावक मध्येबाट सबै वर्ग, क्षेत्र र जातजातिको समानुपातिक प्रतिनिधित्व हुनेगरि चिठ्ठा प्रणालीद्वारा बीस जना अभिभावकहरु छनौट गरिएको छ । अध्ययनको क्रममा नमूना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक १/१ जनाका दरले दुईजना, वि.व्य.स. अध्यक्ष १/१ जनाका दरले २ जनालाई उद्देश्य मुलक नमुना छनौट विधिमा आधारित भई छनौट गरीएको छ । यसरी यस अध्ययनमा कूल ५० जनालई नमूना जनसंख्याको रुपमा उपयोग गरिएको छ ।

**अनुसन्धानका साधनहरु**

यस अध्ययन कार्यलाई अगाढी बढाउन आवश्यक पर्ने तथ्याङ्क, सूचना र जानकारीहरु संकलन गर्न देहायका अनुसन्धानका साधनहरुको प्रयोग गरिएको छ ।

**प्रश्नावली**

अध्ययनका लागि छनौट गरिएका विद्यार्थी, शिक्षक र अभिभावकका लागि छुटाछुटै खुल्ला प्रश्नावली निर्माण गरी आवश्यक जानकारी र सूचनाहरु संकलन गरिएको छ । विद्यार्थी शिक्षक र अभिभावक प्रश्नावलीलाई क्रमश अनुसूची १, २ र ३ मा राखिएको छ ।

**अन्तरवार्ता सूची**

अध्ययन क्षेत्रका प्रधानाध्यापक र वि.व्य.स. का अध्यक्षबाट विद्यालयको विद्यमान आर्थिक अवस्था, वित्तीय व्यवस्थापनका स्रोतहरु, शैक्षिक स्रोत परिचालनको अवस्था, शैक्षिक उपलब्धि जस्ता विषयहरुमा सम्बन्धित भएर अन्तरवार्ता लिइ तथ्याङ्क संकलन गरिएको छ । अन्तरवार्ताको नमूनालाई क्रमश अनुसूची ४ र ५ मा राखिएको छ ।

**सरकारी अनुदान रकम संकलन फारम**

शैक्षिक वर्ष २०६७/६८ मा विद्यालयमा छात्रवृत्ति, पाठ्यपुस्तक, शैक्षिक सामग्री र निर्माण तथा मर्मत शिर्षकमा प्राप्त अनुदान रकमलाई छुटै सरकारी अनुदान रकम संकलन फरमको निर्माण गरी संकलन गरिएको छ । फारमको नमूनालाई अनुसूची ६ मा देखाइएको छ ।

**गैह्रसरकारी अनुदान रकम संकलन फारम**

गैह्रसरकारी स्रोत अन्तर्गत गाउँ विकास समिति, गाउँ शिक्षा समिति र स्थानीय अभिभावकहरुवाट आ.व.२०६७/६८ मा विद्यालयमा प्राप्त अनुमान रकमलाई गैह्रसरकारी अनुदान रकम संकलन फारमको निर्माण गरी संकलन गरीएको छ । फारमको नमूनालाई अनुसूची ७ मा देखाइएको छ ।

**विद्यार्थी उपलब्धि संकलन फारम**

आ.व.२०६८/६९ मा सामुदायिक माध्यामिक विद्यालयहरुमा परीक्षामा सामेल, परीक्षामा उत्तीर्ण कक्षा दोहोऱ्याउने, कक्षा छोड्ने र विषयगत औसत उपलब्धि विवरण संकलन गर्न छुट्टाछुटै उपलब्धि संकलन फारमहरुको निर्माण गरी आवस्यक तथ्याङ्कहरु संकलन गरिएको छ । विद्यार्थीहरुको उपलब्धि संकलन फारमलाई कमश अनुसूची ८, ९ र १० मा राखिएको छ ।

**छलफल सूची**

शिक्षासंग प्रत्यक्ष तथा अप्रत्यक्ष सरोकार राख्ने गाउँ शिक्षा समितिमा प्रतिनिधिहरु, स्रोत व्यक्ति तथा स्थानीय अभिभावकहरुसंग अनौपचारीक छलफलको माध्यमवाट समेत सूचनाहरु संचलन गरीएको छ । छलफल सूचीलाई अनुसूची ११ मा राखिएको छ ।

**तथ्याङ्कका स्रोतहरु**

यस अध्ययनलाई अगाडी बढाउने कममा निम्न तथ्याङ्कका स्रोतहरुको उपयोग गरिएको छ ।

**प्राथमिक तथ्याङ्क**

यस अन्तर्गत शिक्षक, विद्यार्थी र अभिभावकलाई सोधिने प्रश्नावली, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष संग लिइने अन्तरवार्ता यस अध्ययनका प्राथमिक तथ्याङ्कका स्रोतहरु हुन् । माथि उल्लेखित तथ्याङ्कहरु बाहेक व्यक्तिगत छलफल, सामुहिक छलफल, कुराकानीबाट प्राप्त विश्वशनीय सूचना तथा तथ्याङ्कहरुलाई समेत प्राथमिक तथ्याङ्कको रुपमा उपयोग गरिएको छ ।

**द्वितीय तथ्याङ्क**

अनुसन्धानको क्रममा पूर्वप्रकाशित तथा संकलित तथ्याङ्कहरुलाई समेत उपयोग गरिएको छ । यस अन्तर्गत सरकारी निकासाको विवरण, गैह्रसरकारी क्षेत्रबाट प्राप्त अनुदान रकम, फ्ल्यास रिर्पोट, भर्नावही, मूल्याङ्कन वही, जिन्सी अभिलेख लगायत अन्य सार्न्दभिक दस्तावेजहरुलाई द्वितीय तथ्याङ्कको रुपमा उपयोग गरिएको छ ।

**तथ्याङ्क सङ्कलन प्रकृया**

यस अध्ययनलाई आवश्यक पर्ने विभिन्न तथ्याङ्कहरु संकलनगर्ने क्रममा पहिलो दिन नमूना छनौटमा परेका दुवै विद्यालयका प्रधान अध्यापकहरुसंग परिचय गरी अध्ययनको औचित्य माथि प्रकाश पारियो । वहाहरुसंग अन्तरवार्ताका लागि औपचारिक अनुरोध गरियो । सोही दिन विद्यालयको समसामयिक विषयमा आधारित भई अन्तरवार्ता लिइयो । दोस्रो दिन दुवै विद्यालयका वि.व्य.स. अध्यक्षहरुसंग भेटगरी अन्तरवार्ताको निम्ति अनुरोध गरियो । उहाँहरुकै माग अनुसार अन्तरवार्ता सम्बन्धि विषय वस्तुहरुको समेत जानकारी गराइयो । सोही दिन दुवै वि.व्य.स. अध्यक्षहरुसंग छुटाछुटै अन्तरवार्ता लिइयो ।

तेस्रो दिन नमूना छनौटमा परेका विद्यालयका शिक्षकहरु मध्ये पहिलो नमूना छनौटमा परेको विद्यालयका शिक्षकहरुलाई प्रश्नावली भराइयो भने चौथो दिन सोही प्रकृया पूरागरेर दोस्रो नमूना छनौटमा परेका विद्यालयका शिक्षकहरुलाई प्रश्नावली भराइयो । पाचौं दिन पहिलो नमूना छनौटमा परेका विद्यालयका अभिभावकहरु तथा विद्यार्थीहरुलाई खुल्ला  प्रश्नावली वितरण गरी भोलिपल्ट वुझाउन अनुरोध गरियो । छैटो दिन पहिलो नमूना छनौटमा परेका विद्यालयका अभिभावक तथा विद्यार्थीहरुवाट प्रश्नावली संलग्न गरीयो । सातौ र आठौ दिन यही प्रकृया पूरागरी दोस्रो नमूना छनौटमा परेका विद्यालयका अभिभावक तथा विद्यार्थीहरुलाई  प्रश्नावली भराउने कार्य सम्पन्न गरीयो ।

गुणात्मक तथ्याङ्क संकलन प्रकृया पुरागरिसकेपछि अनुसन्धानकर्ताले निर्माण गरेका विभिन्न फारमहरुको प्रयोग गरी अनुसन्धानका निम्ति आवस्यक परिमाणात्मक तथ्याङ्कहरु संकलन गर्ने कार्यको सुरुवात गरियो । यस प्रयोजनको लागि दुवै विद्यालयका प्रधानाध्यापक, तथा लेखापालसंग प्रत्यक्ष सम्पर्क कायम गरी विद्यालयको आय-व्यय हिसाब खाता, सरकारी अनुदानको इष्टिमेट, भर्ना बही, मूल्याङ्कन बही, फ्ल्यास सिपोर्ट, आदिको अध्ययन गरी यस अनुसन्धानका लागि आवस्यक तथ्याङ्कहरु संकलन गरियो । यसरी तथ्याङ्क संकलन गर्दा पहिलो नमूना छनौटमा परेको विद्यालयबाट तथ्याङ्क संकलन गरेपछि दोस्रो नमूना छनौटमा परेको विद्यालयबाट तथ्याङ्कहरु संकलन गरियो । फरक-फरक नमूना फारमहरुको निर्माण गरी सरकारी अनुदान रकमको विवरण, गैह्रसरकारी क्षेत्रवाट प्राप्त अनुदान रकम, विद्यालयको उपलब्धि विवरण, औसत उपलब्धि विवरण जस्ता शीर्षकहरुमा तथ्याङ्कहरु संकलन गरियो ।

औपचारिक विधि बाहेक अनौपचारिक विधिवाट समेत विभिन्न छलफल, कुराकानीका माध्यमवाट समेत आवस्यक सूचना तथा जानकारीहरुको संकलन गरियो ।

**तथ्याङ्क विश्लेषण प्रकृया**

संकलन गरिएका विभिन्न गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कहरुलाई छुटाछुटै रुपमा विभाजन गरी विष्लेषण प्रकृयालाई अगाडी बडाइयो । प्रारम्भमा विभिन्न स्रोतवाट संकलन गरिएका गुणात्मक तथ्याङ्कहरुलाई आवस्यक तथ्याङ्क र अनावस्यक तथ्याङ्को रुपमा विभाजन गरी आवस्यक तथ्याङ्कहरुमात्र राखी बाँकी तथ्याङ्कहरुलाई हटाइयो । परिमाणात्मक तथ्याङ्कहरुलाई समेत माथिकै विधि अनुसार विभाजन गरी अनावयक तथ्याङ्कहरुलाई हटाइयो ।

तथ्याङ्क विष्लेषण गर्ने क्रममा गुणात्मक तथ्याङ्कहरुलाई छोटकरीमा शाब्दिक रुपमा व्याख्या गरिएको छ भने परिमाणात्मक तथ्याङ्कहरुलाई तालिकामा देखाइ औसत र प्रतिशतमा व्याख्या गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको विश्लेषण

अध्ययनको यस परिच्छेद अन्तर्गत नतिजाको विश्लेषण गर्ने क्रममा पहिलो शीर्षकमा नमूना छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा सरकारी तथा गैह्रसरकारी स्रोत बाट प्राप्त वित्तीय व्यवस्थापनको विश्लेषण गरिएको छ । त्यसैगरी सामुदायिक विद्यायलमा वित्तको परिचालन प्रकृया, सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धि र सामुदायिक विद्यालयहरुमा वित्तीय व्यवस्थापनलाई प्रभाव पार्ने तत्वहरुको विश्लेषण गरिएको छ । हरेक शीर्षकमा नतिजाहरुको विश्लेषणबाट प्राप्त तथ्य र परिणामलाई समेत यस परिच्छेद भित्र प्राप्तीको रुपमा समावेस गरिएको छ । हरेक उप शीर्षकहरुको विश्लेषणबाट प्राप्त प्राप्तीलाई पूर्व निर्धारित सैद्धान्तिक खाकासंग समेत तुलनात्मक विश्लेषण गरिएको छ ।

## सामुदायिक विद्यालयहरुमा वित्तीय व्यवस्थापनका स्रोतको खोजी

यस शीर्षक अन्तर्गत सामुदायिक विद्यालयहरुमा आ.व. २०६७-६८ मा प्राप्त सरकारी तथा गैह्र सरकारी वित्तीय स्रोतहरुको क्रमवद् व्याख्या विश्लेषण गरिएको छ ।

## सामुदायिक विद्यालयहरुमा सरकारी वित्तीय व्यवस्थापनको अवस्था

अनुसूची ६ अनुसार शैक्षिक वर्ष २०६७/६८ मा नमुना छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमा छात्रवृत्तिमा रु २५,६००/- (अक्षरेपी पचीस हजार छ सय) पाठ्यपुस्तकमा

रु ९१,७१९/७४ (अक्षरेपी एकानब्बे हजार सात सय उन्नाइस रुपैयां चौरहत्तर पैसा) शैक्षिक सामग्रीमा रु ७८,२१०/- (अक्षरेपी अठहत्तर हजार दुई सय दस) र निर्माण तथा मर्मत शीर्षकमा रु १०,१४,०००/- (अक्षरेपी दश लाख चौध हजार) गरी कुल रु १२,०९,५२९/७४ (अक्षरेपी बाह्र लाख नौ हजार पाँच सय उन्तीस रुपौया पैसा चैहत्तर मात्र) सरकारी अनुदान प्राप्त भएको देखिन्छ । समग्रमा हेर्दा सामुदायिक विद्यालयहरुमा प्राप्त सरकारी अनुदान मध्ये निर्माण तथा मर्मत शीर्षकमा प्राप्त अनुदान रकम अन्य शीर्षकको अनुपातमा उच्च देखिन्छ ।

**सामुदायिक विद्यालयहरुमा गैह्रसरकारी क्षेत्रको वित्तीय व्यवस्थापन**

सामुदायिक विद्यालयहरुमा सरकारी लगानीको अलवा गाउँ विकास समिति, स्थानीय समुदाय तथा विभिन्न गैह्रसरकारी निकायहरुबाट समेत आर्थिक अनुदान प्राप्त हुनेगरेको देखिन्छ । अनुसूची न. ७ अनुसार यस्ता गैह्रसरकारी निकायहरु मध्ये आर्थिक बर्ष २०६७-२०६८ मा गा.वि.स. बाट रु ६८,५००/- (अक्षरेपी अट्रसट्टी हजार पांच सय) गाँउ शिक्षा समितिबाट रु १५,०००/- ( अक्षरेपी पन्द्र हजार) अविभावकहरुबाट विभिन्न शीर्षकमा रु. २,९३,६००/- (अक्षरेपी दुई लाख तिरानब्बे हजार छ सय) अनुदान प्राप्त भएको देखिन्छ । गैह्रसरकारी निकाय अन्तर्गत प्राप्त अनुदान रकम मध्ये गा. वि. स बाट १८.१६ प्रतिशत, गाउँ शिक्षा समितिबाट ३.९७ प्रतिशत र स्थानीय अविभावकहरुबाट ७७.८५ प्रतिशत रकम विद्यालय शिक्षामा लगानी भएको देखिन्छ ।

सामुदायिक माध्यमिक विद्यालयहरुमा विद्यार्थी कल्याण कार्यक्रम अन्तर्गत छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, शैक्षिक सामग्री खरिद तथा निर्माण तथा मर्मत शीर्षकमा सरकारी अनुदान रकम उपलब्ध हुने गरेको पाइयो । अनुदान रकम मध्ये भौतिक निर्माण तथा मर्मत शीर्षकमा सबै भन्दा बडी र छात्रवृत्ति शीर्षकमा सबै भन्दा कम रकम विनियोजन भएको माथिको तथ्यबाट प्रष्ट हुन्छ ।

नेपालको सामुदायिक शिक्षामा गैह्रसरकारी स्रोतको रुपमा अविभावकबाट प्राप्त अनुदान, स्थानिय निकायबाट प्राप्त अनुदान र गाउँ शिक्षा समितिबाट प्राप्त अनुदान रहेको पाइयो । गैह्रसरकारी निकाय अन्तर्गत प्राप्त अनुदान विशेष गरेर विद्यालयको भौतिक निर्माण तथा निजि स्रोतका शिक्षक तथा कर्मचारीहरुलाई तलब भत्ता ख्वाउने कार्यमा खर्च हुने गरेको पाइयो । सामुदायिक विद्यालयको शिक्षालाई पुर्ण निःशुल्क घोषणा गरिएपनि विद्यालयहरुले भर्ना शुल्क, परीक्षा

शुल्क, स्थानान्तरण शुल्क जस्ता शीर्षकहरुमा  स्थानीय अविभावकहरुबाट रकम असुल गर्ने गरेको पाइयो ।

यस अध्ययनको क्रममा उपयोग गरिएका सैद्धान्तिक खाका प्रो. मार्शल (१८७३-१९४९) को प्रतिफलको नियमले लागतमा भएको परिवर्तनले प्रतिफलमा कहिले वृद्धि, कहिले समता र कहिले ह्रासको अवस्था देखापर्दछ । त्यसै गरी भिसम ई.जे. (१९७१) को मान्यता अनुसार लगानी गर्दा बढी प्रतिफल प्राप्त हुनेगरी लगानीका क्षेत्रहरु पहिचान गरी लगानी गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । यस अध्ययनको क्रममा सामुदायिक विद्यालयहरुमा वित्तिय व्यवस्थापनको खोजी अन्तर्गत प्राप्त जानकारीहरुको विष्लेषणवाट प्राप्त तथ्यलाई हेर्दा सामुदायिक विद्यालयहरुमा प्राप्तहुने सरकारी तथा गैह्रसरकारी लगानीको मुख्य उद्देश्य समेत विद्यालयको शैक्षिक उपलब्धिमा वृद्धि गर्नु रहेको पाईन्छ ।

सामुदायिक विद्यालयहरुमा पिछडिएका तथा सिमान्तकृत परिवारका वालवालिकाहरुको शैक्षिक पहुचमा वृद्धि गरी उनीहरुको शैक्षिक उपलब्धिमा समेत वृद्धि गर्ने उद्देश्यले छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, शैक्षिक सामग्री, भौतिक निर्माण जस्ता क्षेत्रहरुमा सरकारी अनुदान प्राप्तहुने गरेको तथ्यलाई माथि उल्लेखित सैद्धान्तिक खाकाका आधारमा प्रमाणित गर्न सकिन्छ भने गैह्रसरकारी क्षेत्रवाट प्राप्त अनुदानको समेत प्रत्यक्ष सम्वन्ध शैक्षिक उपलब्धिसंग रहेकोले यसलाई पनि माथिकै तथ्यको आधारमा प्रष्ट पार्न सकिन्छ । यस उपशीर्षक अन्तर्गत प्राप्त जानकारीहरु प्रो.मार्शल (१८७३-१९४९) को प्रतिफल वृद्धि नियमसंग मिल्ने देखिन्छ भने सरकारी तथा गैह्रसरकारी क्षेत्रवाट प्राप्त शैक्षिक लगानीले उच्च शैक्षिक प्रतिफल प्राप्त गर्ने उद्देश्य राखेकोले भिसम इ.जे. (१९७१) को लागत प्रभावकारीताको मान्यतासंग समेत सान्दर्भिक देखिन्छ ।

**सामुदायिक विद्यालयमा वित्तको प्ररिचालन प्रकृया**

समुदायिक विद्यालयमा वित्त परिचालनका लागि के कस्ता प्रकृयाहरू अवलम्वन गरिन्छ भनी शिक्षक, प्रधानाध्पक तथा विद्यालय व्यास्थापन समितिका अध्यक्षवाट प्राप्त सूचना तथा जानकारीहरूलाई निम्नानुसार वुंदागत रूपमा विश्लेषण गरिएको छ ।

**विद्यालयका आवस्यकताहरूको पहिचान गर्नु**

सामुदायिक विद्यालयहरूमा एक शैक्षिक वर्षभित्र खर्चगर्नुपर्ने आवस्यक क्षेत्रअरूको पहिचान गरी वित्तिय स्रोत व्यवस्थापनको कार्ययोजना निर्माण गरिन्छ । विद्यालयहरूमा स्रोत परिचालन गर्नुपर्ने मूख्य क्षेत्रहरू के-के हुन् भनि सोधिएको प्रश्नमा जम्मा सहभागी शिक्षकहरूमध्ये ३ जना (५० प्रतिशत) ले शिक्षक तलव भत्ता, भौतिक निर्माण, परीक्षा सञ्चालन, प्रशासनिक कार्य जस्ता क्षेत्रहरूलाई विद्यालयको आवस्यकताको रूपमा लिएको विचार व्यक्त गरे । बाँकी तीनजनाले आफूलाई यसबारे जानकारी नभएको विचार ब्यक्त गरे । अनुसन्धानमा छनौट गरिएका सबै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुले शिक्षक कर्मचारीको तलव भत्ता, भौतिक निर्माण तथा मर्मत, परिक्षा सञ्चालन, दैनिक प्रशासनिक खर्च जस्ता पक्षहरूलाई विद्यालयको आवस्यकताको रूपमा लिएको पाइयो ।

**आवस्यकताकोहरूको प्राथमिकिकरण**

सामुदायिक विद्यालयहरुमा स्रोत परिचालनको दोस्रो प्रकृयाको रूपमा पूर्व निर्धारण गरिएका आवस्यकताहरूको प्राथमिकिकरण गर्ने गरेको पाइयो । प्राथमिकिकरण अन्तर्गत तत्काल पुरागर्नुपर्ने आवस्यकता र निश्चित समय अन्तरालमा पुरागर्नुपर्ने आवस्यकता गरी दुई भागमा विभाजन गर्नेगरेको पाइयो । त्यसैगरी वित्तीय स्रोत प्राप्तीको आधारमा सरकारी अनुदानवाट पूरागर्न सकिने आवस्यकता र सामुदायिक स्रोतवाट पूरागर्न सकिने आवस्कता गरि दुईवटा आधारमा आवस्यकताहरूको प्राथमिकिकरण गर्नेगरेको पाइयो । आवस्यकताहरुको प्राथमिकिकरण गर्दा के कस्तो विधि अवलम्बन गर्नुहुन्छ भन्ने प्रश्नमा अधिकांश सहभागिहरुले विद्यालयले निर्धारण गरेको वार्षिक बजेट, सरकारवाट प्राप्त अनुदान, गैह्र सरकारी निकाय (गा.वि.स. समुदाय वा अन्य संघसस्था) वाट प्राप्त हुनसक्ने अनुदानलाई ध्यान दिनेगरेको विचार व्यक्त गरे । त्यसै गरी आवस्यकताहरुको तिब्रताका आधारमा समेत प्राथमिकिकरण गर्नेगरेको पाइयो ।

**योजना निर्माण**

सामुदायिक विद्यालयहरुमा वित्त व्यवस्थापन अन्तर्गत तेस्रो प्रकृयाको रुपमा योजना निर्माणलाई लिइन्छ । योजना निर्माणकै प्रकृयामा आवस्यक सूचना तथा तथ्याङ्कहरुको संकलन गर्ने, वार्षिक रुपले सम्पन्न गर्नु पर्ने कार्यक्रमहरुको छनौट गर्ने जस्ता क्रियाकलापहरु हुनेगरेको पाइयो । नेपाल सरकारवाट अनुदान स्वरुप प्रप्त हुने रकम र स्थानीय स्तरवाट प्राप्त हुने रकमलाई कसरी प्रभावकारी ढंगले परिचालन गर्न सकिन्छ भन्ने उद्देश्यले यस्ता योजनाहरु निर्माण गर्ने गरेको

प्रधानाध्यापकहरुले वताउनु भयो । योजना निर्माण गरिसकेपछि त्यसलाई विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराएर कार्यान्वयन गर्ने गरेको पाइयो ।

**कार्यक्रम कार्यान्वयन**

सामुदायिक विद्यालयमा वित्त परिचालनको चौथो प्रकृयाको रुपमा कार्यक्रम कार्यान्वयन प्रकृया रहेको पाइयो । सामुदायिक विद्यालयहरुमा योजनाले निर्दिष्ठ गरेका क्षेत्रहरुमा तोकिएको लक्ष्यहरु हासिल गर्न वित्तीय स्रोतसाधनको परिचालन गर्ने गरेको पाइयो । कार्यक्रम कार्यान्वयन प्रकृयालाई सामुदायिक विद्यालयमा वित्त परिचालन प्रकृयाको महत्वपूर्ण चरणको रुपमा लिएको पाइयो । सामुदायिक विद्यालयमा वित्तीय स्रोत परिचालनमा के कस्तो प्रकृया अपनाउनु हुन्छ भन्ने प्रश्नमा दुवै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको समान धारणा रहेको पाइयो । नेपाल सरकारले विभिन्न शीर्षक तोकेर दिएको अनुदान रकमलाई सोही शीर्षकमा खर्चगर्ने र अन्य स्रोतवाट प्राप्त अनुदान रकमलाई विद्यालयले निर्माण गरेको योजना अनुरुप खर्चगर्ने गरेको पाइयो ।

**कार्यक्रमको मूल्याङ्कन र प्रतिवेदन**

सामुदायिक विद्यालयहरुमा वित्त परिचालन प्रकृया अन्तर्गत कार्यक्रमको मूल्याङ्कन र प्रतिवेदनलाई अन्तिम प्रकृयाको रुपमा लिने गरेको पाइयो । कार्यक्रमको मूल्याङ्कन अन्तर्गत के कस्ता पक्षहरुको मूल्याङ्कन गरिन्छ भन्ने प्रश्नमा दुवै प्रधानाध्यामकहरुले कार्यक्रमको प्रभावकारीता, लागत, गुणस्तर जस्ता पक्षहरुलाई आधार मानेर कार्यक्रमको मूल्याङ्कन गर्ने गरेको धारण व्यक्तगरे । त्यसैगरी भौतिक नर्माण तथा मर्मत सम्बन्धी कार्यको अन्तिम मूल्याङ्कन जिल्ला शिक्षा कार्यालयको प्राविधिकद्वारा हुनेगरेको पाइयो । बार्षिक रुपमा तयार पारिने विद्यार्थीहरुको औसत उपलब्धि विवरणका आधारमा शैक्षिक उपलब्धिको मूल्याङ्कन गर्ने गरेको पाइयो । स्रोतकेन्द्र, गाउँ शिक्षा समिति तथा जिल्ला शिक्षा कार्यलयले समेत कार्यक्रमको मूल्याङ्कन गर्ने गरेको पाइयो । हरेक विद्यालयहरुले वार्षिक कार्य प्रगति प्रतिवेदन तयार पारी स्रोतकेन्द्र, जिल्ला शिक्षा कायालयमा पेस गर्ने र स्थानीय तहमा अभिभावक भेला मार्फत वार्षिक कार्य प्रगति प्रतिवेदन सार्वजानिक गर्ने गरेको धारणा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकले व्यक्त गरे ।

सामुदायिक विद्यालयहरुमा वित्त परिचालन अन्तर्गत निश्चित प्रकृयागत चरणहरु रहेको पाइयो । विद्यालयको आवस्यकताको पहिचान गर्नु, आवस्यकताको प्राथमिकिकरण गर्नु, योजना निर्माण, कार्यक्रम कार्यान्वयन र कार्यक्रमको मूल्याङ्कन र प्रतिवेदन सामुदायिक विद्यालयमा वित्त परिचालनका प्रकृयाहरु रहेको पाइयो । सामान्य यी चरणहरु अन्तर्गत  गरिने मूख्य कार्यहरुको निर्धारण विद्यालय व्यवस्थापन समिति, स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालय, अभिभावक, शिक्षक स्टाफ आदिको महत्वपूर्ण भूमीका रहने गरेको समेत पाइयो ।

यस अध्ययनको क्रममा छनौट गरिएको प्रो. मार्शल (१८७३-१९४९)को सिद्धान्तले हरेक संगठनको मुख्य उद्देश्य न्यूनतम लगानीवाट अधिकतम प्रतिफल प्राप्त गर्नु रहेको हुन्छ । त्यसै गरी भिसम इ.जे. (१९७१) को सैद्धान्तिक मान्यताले समेत न्यूनतम लगानीवाट अधिकतम प्रतिफल प्राप्तहुने गरी स्रोत साधनको परिचालन गर्नुपर्छ भन्ने मान्यता राख्दछ । यस अध्ययनको क्रममा सामुदायिक  विद्यालयहरुमा वित्त परिचालन प्रकृिया अन्तर्गत प्राप्त तथ्यलाई हेर्दा सामुदायिक विद्यालयहरुले न्यूनतम लगानीवाट अधिकतम शैक्षिक प्रतिफल प्राप्त हुनेगरी निश्चित प्रकृया अवलम्बन गरेर विद्यालयको भैतिक, शैक्षिक तथा मानवीय क्षेत्रमा वित्त परिचालन गरेको देखिन्छ । आवस्यकता पहिचान गर्नु, प्राथमिकिकरण गर्नु योजना निर्माण गर्नु र कार्यक्रमको मुल्याङ्कन गर्नु जस्ता प्रकृयाहरुले प्रतिफल उन्मुख वित्त परिचालनको प्रकृयालाई अवलम्बन गरेको देखिन्छ ।

निश्चित प्रकृया पूरा गरी योजनाबद्ध ढंगले वित्त परिचालन गर्दा प्रो. मार्शल (१८७३-१९४९) को मान्यता अनुसार कम लागतवाट  अधिकतम प्रतिफलहुने अवस्था देखिन्छ भने भिसम इ.जे.( १९७१) को लागत प्रभावकारिताको मान्यता अनुसार समेत यो प्रकृया सान्दभिक देखिन्छ ।

**सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धिको पहिचान गर्नु**

शिक्षामा गरिने हरेक लगानीबाट उच्चतम शैक्षिक उपलब्धि हासिल गर्ने लक्ष्य राखिएको हुन्छ । शिक्षक, विद्यालय, लगानीकर्ता (सरकार र समुदाय) आदिको चासोको केन्द्रविन्दु शैक्षिक उपलब्धि हो । कुनै परीक्षामा कति विद्यार्थी उत्तीर्ण भए ? कुन शैक्षिक संस्थाले कति मात्रामा विद्यार्थी उत्तिर्ण गराउन सक्यो ? जस्ता प्रश्नहरुको विश्लेषणबाट राष्ट्रिय शैक्षिक उपलब्धिको समेत निर्धारण गरिने भएकोले यस अध्ययनमा नमूना छनौटमा परेका विद्यालयहरुको शैक्षिक उपलब्धिलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गरिएको छ । यस शीर्षक अन्तर्गत शैक्षिक बर्ष २०६८ मा कक्षा ९

र १० को कक्षा पारगर्ने दर, छोड्ने दर, कक्षा दोहोऱ्याउने दर र विषयगत शैक्षिक उपलब्धि दरका आधारमा सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिलाई विश्लेषण गरिएको छ ।

**कक्षा पारगर्ने दर**

शैक्षिक उदेश्यहरु कुन-कुन हदसम्म प्राप्त हुन सके भनी मापन गर्न सञ्चालित परीक्षामा तोकिएको न्यूनतम प्राप्ताङ्क प्राप्तगरी माथिल्लो कक्षामा अध्ययन गर्न अनुमनि प्राप्त गरेका विद्यार्थीहरुलाई कक्षा पारगर्ने दरको रुपमा विश्लेषण गरिएको छ ।

अनुसूची ८ अनसार शैक्षिक बर्ष २०६८ मा नमूना छनौटमा परेका विद्यालयहरु वार्षिक परीक्षामा सामेल कूल १०१ जना विद्यार्थीहरु मध्ये ९५ जना विद्यार्थीहरुले कक्षा ९ उत्तीर्ण गरेको देखिन्छ । कक्षा ९ को उत्तीर्ण दर ९३.६३ प्रतिशत देखिन्छ । त्यसैगरी सोही शैक्षिक बर्षमा कक्षा १०को अन्तिम परीक्षा (प्रवेशिका परीक्षा) मा संलग्न कूल ९० जना विद्यार्थीहरु मध्ये  जम्मा ६ जना विद्यार्थीहरुले मात्र कक्षा १० उत्तीर्ण गरेको देखिन्छ । यो संख्या कूल विद्यार्थी संख्याको ६.६६ प्रतिशत हो । प्रवेशिका परीक्षामा छात्राहरुको उपलब्धि समेत सन्तोषजनक देखिदैन । शैक्षिक वर्ष २०६८मा परीक्षामा संलग्न कूल छात्राहरु मध्ये ८.५४ प्रतिशतले मात्र उक्त परीक्षा उत्तीर्ण गरेका थिए ।

**कक्षा देहोऱ्याउने दर**

निश्चित तह वा कक्षामा असफल भइ पुनः सोही कक्षा दोहोऱ्याउने विद्यार्थीहरुलाई कक्षा दोहोऱ्याउने दरको रुपमा विश्लेषण गरिएको छ ।

अनुसूची ९ अनुसार शैक्षक वर्ष २०६९ मा कक्षा ९ मा भर्ना चएका कूल १०४ जना विद्यार्थीहरु मध्ये ५ जना अर्यात ५.१३ प्रतिशत विद्यार्थीहरुले पुनः सोही कक्षा दोहोऱ्याएको देखिन्छ । कक्षा ९मा कक्षा दोहोऱ्याउने छात्रा ५.१६ प्रतिशत र छात्र ८.८ प्रतिशत देखिन्छ । त्यसैगरी कक्षा १० वा प्रवेशिका परीक्षामा यो दर ८३.५ प्रतिशत देखिन्छ । कक्षा १० वा प्रवेशिका परीक्षामा कूल ३३ जना छात्र र ४१ जना छात्राले सोही कक्षा दोहोऱ्याएको देखिन्छ ।

**विचैमा कक्षा छोड्ने दर**

एक शैक्षिक वर्षमा पढाइ पूरा नगरी विद्यालय शिक्षाबाट बाहिरिने विद्यार्थीहरुको दरलाई विचैमा कक्षा छोड्ने दरको रुपमा विश्लेषण गरिएको छ ।

अनुसूची ९ अनुसार शैक्षिक वर्ष २०६८ मा कक्षा ९ मा भर्ना भएका कूल १०४ जना विद्यार्थीहरु मध्यो २ जना अर्यात १.९२ प्रतिशत विद्यार्थीहरुले आफ्नो पढाइ पूरा नगरी बीचैमा विद्यालय शिक्षाबाट बाहिरिएको देखिन्छ । त्यसैगरी कक्षा १० मा भर्ना भएका कूल ९० जना छात्र छात्राहरु मध्ये १० जना अर्थात ११.११ प्रतिशत छात्रछात्राहरुले बीचैमा पढाई छोडेको देखिन्छ । माध्यमिक तह (९ र १०) मा भर्ना भएका कूल १९४ जना विद्यार्थीहरु मध्ये १८१ जना विद्यार्थीहरु मात्र अन्तिम परीक्षामा संलग्न भएको र बांकी १३ जना विद्यार्थीहरुले बीचैमा विद्यालय शिक्षा परित्याग गरेको देखिन्छ ।

**विषयगत औसत उपलब्धि ( मूख्य चार विषयको मात्र )**

विद्यार्थीहरुले अन्तिम परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको कूल योगलाई परीक्षामा संलग्न विद्यार्थी संख्याले माग गरी विषयगत औसत उपलब्धि निकालिएको छ ।

अनुसूची ९ अनुसार सामुदायिक विद्यालयहरुमा कक्षा ९ मा नेपाली विषयको औसत उपलब्धि ४८ प्रतिशतको हाराहारीमा देखिए पनि अंग्रजी, गणित र विज्ञान विषयहरुको औसत प्राप्ताङ्क क्रमश ३३, २९ र  ३१ देखिन्छ । अनुपातिक हिसाबले हेर्दा नेपाली विषयको औसत प्राप्ताङ्क सन्तोषजनक देखिएपनि अन्य विषयहरु अंग्रेजी, गणित र विज्ञान विषयको औसत उपलब्धि उतिर्णाङ्कको लागि आवस्यक पर्ने न्यूनतम ३२ अंक भन्दापनि न्यून रहेको देखिन्छ ।

यस उपशिर्षक अन्तर्गत सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धिलाई कक्षा पारगर्ने दर, कक्षा दोहोऱ्याउने दर, विचैमा पढाई छोड्ने दर र विषयगत औसत उपलब्धिका आधारमा विश्लेषण गरिएको छ । सामुदायिक विद्यालयहरुमा कक्षा पारगर्ने दर ज्यादै न्यून देखिन्छ । प्रवेशिका परीक्षाको उतीर्ण दरलाई हेर्दा यो ज्यादै न्यून देखिन्छ । कूल विद्यार्थी संख्याको करिव त्रियानब्बे प्रतिशत विद्यार्थीहरु सफल हुनाले पनि सामुदायिक विद्यालयको सिकाइ उपलब्धि शन्तोषजनक देखिदैन ।

विद्यार्थीहरुको तह पारगर्ने दर ज्यादै न्यून भएकोले कक्षा दोहोऱ्याउने दर उच्च पाइयो । सामुदायिक विद्यालयहरुमा विचैमा पढाइ छोड्ने दर समेत उच्च पाइयो । बारबार एउटै कक्षामा असफल भइरहनु, विद्यालयले वातावरणमा समायोजन हुन नसक्नु जस्ता कारणहरुले विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने दर उच्च रहेको अन्दाज गर्न सकिन्छ ।

सामुदायिक विद्यालयहरुमा अंग्रेजी,गणित र विज्ञान जस्ता विषयहरुमा विद्यार्थीहरुको विषयगत औसत उपलब्धि ज्यादै न्यून पाइयो । कक्षा १० को प्रवेशिका परीक्षामा उतिर्णाङ्कको लागि आवस्यक पर्ने मानाङ्क भन्दा पनि न्यून उपलब्धि देखिनुले सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइ शन्तोषजनक देखिदैन ।

यस अध्ययनलाई अगाडी बढाउने क्रममा उपयोग गरिएको सैद्धान्तिक खाका प्रो.मार्शल ( १८७३-१९४९) को प्रतिफलको नियमले लगानी र प्रतिफल विचको समबन्धलाई तिनवटा दृष्टिकोणले विवेचना गरेको छ । प्रतिफल वृद्धिको अवस्था, प्रतिफल समताको अवस्था र ह्रासको अवस्था । त्यसै गरी भिसम इ.जे. (१९७१)ले प्रस्तुत गरेको सैद्धान्तिक खाकाले न्यूनतम लागतवाट अधिकतम प्रतिफल प्राप्तहुने गरी स्रोत साधनहरुको परिचालन गरिनु पर्दछ भन्ने मान्यता राख्दछ । सामुदायिक माध्यमिक विद्यालयहरुको शैक्षिक उपलब्धिहरुको पहिचान अन्तर्गत प्राप्त सूचना तथा तथ्यहरुको जानकारीवाट सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धि लागतको तुलनामा ज्यादै न्यून देखिन्छ । विद्यार्थीहरुको तह पार गर्ने दर, विषयगत शैक्षिक उपलब्धि ज्यादै न्यून देखिनु र कक्षा दोहोऱ्याउने, कक्षा छोड्ने दर उच्च देखिनुले माथिको तथ्यलाई प्रष्ट पार्दछ ।

सामुदायिक विद्यालयहरुमा एकातिर सरकारी तथा गैह्रसरकारी क्षेत्रको लगानी बढ्दै जानु र अर्कोतिर शैक्षिक उत्पादन भने घट्दै जानुले यो अवस्था प्रो. मार्शल (१८७३-१९४९) को प्रतिफल ह्रास नियमसंग मिल्ने देखिन्छ । त्यसै गरी सामुदायिक विद्यालयहरुको शैक्षिक लगानी अनुसार शैक्षिक उत्पादन हुन नसक्नुले यस उपशीर्षकमा प्राप्त तथ्यहरु भिसम इ.जे. (१९७१)को लागत प्रभावकारीता सम्बन्धि मान्यतासंग सान्दर्भिक देखिएन ।

**वित्तीय व्यवस्थापनलाई प्रभाव पार्ने तत्वहरुको खोजी**

सामुदायिक विद्यालयहरुमा वित्तीय व्यवस्थापन अन्तर्गत सरकारी वित्त प्ररिचालन र सामुदायिक (गैह्र सरकारी) बित्त परिचालनमा के कस्ता तत्वहरुले प्रभाव पार्दछन् भनी नमूना छनौटमा परेका शिक्षक, अभिभावक, विद्यार्थी, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुबाट प्राप्त सूचना तथा जानकारीहरुलाई निम्नानुसार वुंदागत रुपमा विश्लेषण गरिएको छ ।

**सरकारको अनुदान सम्वन्धि नीति**

सामुदायिक विद्यालयहरुको वित्त व्यवस्थापनमा प्रभावपार्ने प्रमुख तत्वको रुपमा सरकारी अनुदान सम्वन्धि नीतिलाई लिइन्छ । सरकारले वार्षिक बजेट निर्माण गर्दा नै शिक्षा क्षेत्र अन्तर्गत कस्ता कस्ता कार्यक्रमहरुमा कति-कति रकम विनियोजन गर्ने भन्ने कुराको समेत निर्धारण गर्ने भएकोले उक्त नीति अनुसार नै विद्यालयमा सरकारी अनुदान रकम प्राप्त हुनेगरेको पाइयो । विद्यालयमा नियमित रुपमा प्राप्तहुने तलव भत्ता, प्रशासनिक खर्च, पाठ्यपुस्तक, छात्रवृत्ति जस्ता शीर्षक बाहेक अन्य क्षेत्रहरु जस्तो पी.सी.एफ. स्यालरी, मर्मत तथा निर्माण जस्ता क्षेत्रमा प्राप्त हुने अनुदान रकम बर्षै पिच्छे फरक पर्ने धारण शिक्षक तथा प्रधानाध्यापकहरुले व्यक्त गर्न भयो । कतिपय अवस्थामा विद्यालयका आवस्यकतालाई हेरेर समेत सरकारी अनुदान नीति निर्माण हुने गरेको पाइयो । उदाहरणका लागि नमूना छनौटमा परेका विद्यालयहरु मध्ये एकवटामा माध्यमिक तहमा पूर्ण दरवन्दी रहेको तर अर्कोमा माध्यमिक तहमा एकवटा मात्र दरवन्दी भएको र उक्त विद्यालयमा वार्षिक चार लाखको हाराहारीमा पी.सी.एम. सेलरीको रकम निकास हनेगरेको तर पूर्ण सरकारी दरवन्दी रहेको पहिलो विद्यालयमा भने उक्त शीर्षक अन्तर्गतको अनुदान रकम प्राप्त हुनेगरेको पाइएन ।

**विद्यालयले पेसगरेको तथ्याङ्क विवरण**

सामुदायिक विद्यालयहरुले वार्षिक रुपमा दुइपटक चैत्र मसान्त र जेष्ठ मसान्त भित्रमा तथ्याङ्क फारम (फ्ल्यास फारम ) भरि जिल्ला शिक्षा कार्यालयमा पेसगर्नु पर्छ । उक्त तथ्याङ्क फारममा विद्यार्थी भर्नाको अवस्था, कक्षा दोहोर्‍याउने दर कक्षा छोड्ने दर, विषयगत औषत उपलब्धि समेतको विवरण तयारपार्नु पर्ने हुन्छ । विद्यालयले पेस गरेको यही तथ्याङ्क विवरणका आधारमा पाठ्यपुस्तक, छात्रवृत्ति, व्यवस्थापन खर्च, पी. सी. एफ्. सेलरी र नन्सेलरी जस्ता शीर्षकहरुमा सरकारले अनुदान रकम निर्धारण गर्ने भएकोले बडी विद्यार्थीहरु भर्ना भएका

विद्यालयहरुमा बडी अनुदान र न्युन विद्यार्थी भर्ना भएका विद्यालयहरुमा प्राप्त हुने अनुदान समेत न्युन हुने देखिन्छ । त्यसैगरि तथ्याङ्क विवरणका आधारमा  मर्मत सम्भार र निर्माण जस्ता शीर्षकमा समेत अनुदान प्राप्त हुने भएकोले तथ्याङ्क विवरणलाई पनि वित्तीय व्यवस्थापनलाई प्रभाव पार्ने तत्वको रुपमा लिइएको हो ।

### बिद्यालय समुदाय सम्बन्ध

सामुदायिक विद्यालयहरुमा विशेषगरेर गैह्रसरकारी वित्तीय  स्रोत परिचालनमा विद्यालय र समुदाय वीचको पारस्परिक समबन्धले समेत प्रभाव पार्ने गरेको पाइयो । तपाईहरु विद्यालयलाई के-के आधारमा सहयोग गर्दै आउनु भएको छ भन्ने प्रश्नमा अधिकांश अभिभावकहरुले विद्यालयले विशेष कार्यक्रम सञ्चालन गर्नुपूर्व अभिभावकहरुको भेला वोलाउने र सो भेलामा प्रस्ताव गरिएको रकम चन्दा वा श्रमदानको रुपमा उपलब्ध गराउदै आएको धारण व्यक्त गरे । विद्यालय भवन निर्माण, पुस्तकालय व्यवस्थापन, खेलमैदान निर्माण जस्ता क्षेत्रहरुमा आफूहरुले नियमित आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउँदै आएको धारणा अभिभावकहरुको रहेको पाइयो । त्यसैगरी स्थानीय अभिभावक तथा अन्य गैह्रसरकारी निकायहरुबाट विद्यालयले कसरी सहयोग प्राप्त गरिरहेको छ भन्ने प्रश्नमा दुवैजना प्रधानाध्यापकहरुले हरेक बर्ष श्रावण मसान्तमा सामाजिक लेखा परीक्षण प्रतिवेदन अभिभावक भेला मार्फत सार्वजनिक गर्ने र सोही अभिभावक भेला मार्फत स्थानीय स्रोत परिचालनको  प्रस्ताव गर्ने गरेको धारण व्यक्त गर्नु भयो । अभिभावक बाहेकका अन्य निकायहरुसंग  प्रत्यक्ष सम्पर्क कायम गरी आर्थिक अनुदान प्राप्त गर्नेगरेको धारण प्रधानाध्यापकहरुको रहेको पाइयो । यसरी हेर्दा विद्यालय र समुदाय वीच पारस्परिक सुमधुर सम्बन्ध कायम भएमा विद्यालयले पर्याप्त स्रोत प्राप्त गर्ने र यो सम्बन्ध टाढिएमा स्थानीय स्रोत परिचालनमा कठिनाइ हुने देखिन्छ ।

### विद्यालयको शैक्षिक उपलब्धि

सामुदायिक विद्यालयहरुमा विशेषगरेर प्रवेशिक परीक्षाको परिणामलाई हेरेर सरकारी अनुदान रकम प्रभावित हुनेगरेको पाइयो । सामुदायिक विद्यालयहरुमा तोकिएको प्रतिशत भन्दा कम विद्यार्थीहरु उत्तीर्ण भएमा सरकारी अनुदान रकम समेत घट्ने र तोकिएको मापदण्ड भन्दा बढी विद्यार्थीहरु उतिर्ण गराउने विद्यालयहरुलाई थप सरकारी अनुदान प्राप्त हुनेगरेको पाइयो । हालको शिक्षा नियमावलीमा व्यवस्था भए अनुसार प्रवेशिका परीक्षामा लगातार तीनवर्ष सम्म तोकिएको

मापदण्ड भन्दा कम विद्यार्थी उत्तीर्ण गराउने विद्यालयहरुलाई दिइदै आएको वार्षिक अनुदानमा तीस प्रतिशतले कटौती गर्ने समेत व्यवस्था रहेको पाइन्छ । यसरी हेर्दा विद्यालयको शैक्षिक उपलब्धिलाई समेत वित्त परिचालनलाई प्रभाव पार्ने महत्वपूर्ण तत्वको रुपमा लिइन्छ ।

**विद्यालयको कार्यसम्पादन मूल्याङ्कन**

सामुदायिक विद्यालयहरुको वित्तीय व्यवस्थापनमा प्रभाव पार्ने अर्को महत्वपूर्ण तत्वको रुपमा विद्यालयको कार्य सम्पादनलाई समेत लिइन्छ । सामुदायिक विद्यालयहरुमा कार्य सम्पादनको अवस्था सन्तोषजनक रहेमा थप अनुदान रकम उपलब्ध हुने तर कार्य सम्पादनको अवस्था न्यून रहेमा थप अनुदान रकम उपलब्ध नहुने गरेको पाइयो । नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको कार्य सम्पादन गर्ने विद्यालयहरुलाई अन्य परियोजना सञ्चालन गर्न थप अनुदान प्राप्त हुने गरेको दुवै प्रधानाध्यापकको धारण रहेको पाइयो । विशेष गरेरै भौतिक निर्माण र मर्मत क्षेत्रमा प्राप्त हुने सरकारी अनुदानमा विद्यालयको कार्यसम्पादन स्तरको मूल्याङ्कन हुने गरेको पाइयो ।

माथि उल्लेखि प्रमुख तत्वहरु बाहेक विद्यालयको पहुँच, स्थानीय निकाय तथा गैह्रसरकारी संघसंस्थाहरुको कार्यक्रम, विभिन्न सरकारी तथा गैह्रसरकारी निकायहरुसंग विद्यालयको सम्बन्ध, प्रचलित ऐन, कानून जस्ता सहायक तत्वहरुले समेत विद्यालयको वित्तीय परिचालनमा प्रभाव पार्ने गरेको पाइयो ।

सामुदायिक विद्यालयहरुमा वित्तीय स्रोत व्यवस्थापनमा विभिन्न प्रमूख तथा सहायक तत्वहरुले प्रभावपार्ने गरेको पाइयो । विशेष गरेर सरकारी अनुदान नीति, विद्यार्थी भर्ना तथा उपलब्धिको स्तर, विद्यालय र समुदाय बीचको सम्बन्ध र विद्यालयको कार्य सम्पादन मूल्याङ्कनको स्तर जस्ता प्रमूख तत्वहरुले सामुदायिक विद्यालयहरुमा सरकारी तथा गैह्रसरकारी वित्तीय व्यवस्थापनमा प्रभावपार्ने गरेको पाइयो । प्रचालित नियम कानून लगायत विद्यालयको पहूंच, सरकारी तथा गैह्रसरकारी निकायहरुसंगको सम्बन्ध जस्ता तत्वहरुले पनि विद्यालयको वित्तीय व्यवस्थापनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले प्रभाव पार्ने गरेको पाइयो ।

सामुदायिक विद्यालयहरुमा विभिन्न सरकारी तथा गैह्रसरकारी निकायहरुले वित्तीय व्यवस्थापन गर्दा विद्यालयको उपलब्धि स्तर, कार्यसम्पादनको स्तर जस्ता पक्षहरुलाई विशेष ध्यान

दिने भएकाले हरेक लगानीकर्ताहरु लगानी गर्नुपूर्व त्यसबाट प्राप्तहुने प्रतिफललाई विश्लेषण गर्ने भएकोले यो विश्लेषण प्रो. मार्शल (१८७३-१९४९) को सैद्धान्तिक खाकासँग मिल्दो देखिन्छ । त्यसैगरी भीसम.इ.जे. (१९७१) को लागत प्रभावकारिताको मान्यतासंग पनि यो विश्लेषण मिल्दो जुल्दो देखिन्छ । सामुदायिक विद्यालयमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले वित्तीय सहयोग गर्ने सरकारी तथा गैह्रसरकारी निकायहरुले वित्त परिचालन गर्नुपूर्व त्यसको प्रभावकारितालाई समेत मध्यनजर गर्ने गरेकोले उक्त मान्यतालाई भिसम.ई.जे. (१९७१) को लागात प्रभावकारीता सम्वन्धि सैद्धान्तिक आधारसंग मिल्दो जुल्दो पाइन्छ ।

# परिच्छेद पाँच

## निष्कर्ष र सुझाव

यस परिच्छेद अन्तर्गत परिच्छेद चारमा नतिजाहरुको विश्लेषणबाट प्राप्त अनुसन्धानको सारतत्वलाई निष्कर्षको रुपमा उल्लेख गरिएको छ । अध्ययनको क्रममा देखिएका विभिन्न सकारात्मक पक्षहरुलाई अझ राम्रोगरी अगाडी बढाउन र कम्जोर पक्षहरुलाई समयमा नै सुधार गर्न सम्वन्धित शैक्षिक सरकोकारवालाहरु, नीति निर्माताहरु र अनुसन्धानकर्ताहरुलाई नीतिगत तह, अभ्यास तह र अनुसन्धान तह गरी छुट्टाछुटै सुझावहरु समेत प्रस्तुत गरिएको छ ।

### निष्कर्ष

अध्ययन क्षेत्रमा प्राप्त गुणात्मक तथा परिमाणात्मक तथ्याङ्क तथा जानकारीहरुको विश्लेषणबाट प्राप्त भएका मूख्य सूचना तथा जानकारीहरुलाई निम्नानुसार निष्कर्षको रुपमा प्रस्तुत गरिएको छ ।

नेपालका सामुदायिक माध्यमिक विद्यालयहरुको वित्तीय व्यवस्थापनको प्रमुख स्रोतको रुपमा सरकारी अनुदान र गैह्रसरकारी अनुदान रहेको देखिन्छ । विद्यार्थीहरुलाई शिक्षण सिकाइमा सहयोग पुऱ्याउने उद्देश्यले सरकारले छात्रवृत्ति, पाठ्यपुस्तक, शैक्षिक सामग्री र भौतिक निर्माण तथा मर्मत जस्ता शीर्षकमा अनुदान दिनेगरेको देखिन्छ । शिक्षामा सबै जात जाति तथा सम्प्रदायका बालबालिकाहरुको पहुँचलाई सुनिस्चितता प्रदान गर्ने उद्देश्यले छात्रवृत्ति तथा निशुल्क पाठ्यपुस्तकको व्यवस्था गरिएको हो । शैक्षिक वर्ष २०६७/०६८ मा उल्लेखित शीर्षकहरुमा १२,०९५२९.७४ (अक्षरेपी बाह्र लाख नौहजार पचास सय उन्तीस रुपैया चौरहतर पैसा ) सरकारी कोषबाट विनियोजन भएको पाइन्छ । विनियोजित रकम मध्ये छात्रवृत्ति, पाठ्यपुस्तक, शैक्षिक सामग्री र भौतिक निर्माण तथा मर्मत  शीर्षकमा क्रमशः २.१२ प्रतिशत र ७.५८ प्रतिशत ६.४६ प्रतिशत र ८३.८३ प्रतिशत रकम विनियोजित भएको देखिन्छ । अनुदान रकम मध्ये भौतिक निर्माण र मर्मत शीर्षकमा सबै भन्दा बढी र छात्रवृत्ति शीर्षकमा न्यून रकम विनियोजन भएको निष्कर्षमा पुग्न सकिन्छ ।

सामुदायिक विद्यालयहरुमा सरकारी स्रोत बाहेक गैह्रसरकारी स्रोतबाट समेत वित्तीय अनुदान प्राप्त हुने गरेको देखिन्छ । गैह्रसरकारी स्रोत अन्तर्गत गा.वि.स., गाउँ शिक्षा समिति, विभिन्न गैह्रसरकारी निकायहरु तथा अभिभावकहरुले समेत शैक्षिक लगानी गर्ने गरेको देखिन्छ ।

सामुदायिक विद्यालयहरुमा विभिन्न स्रोतबाट प्राप्त वित्तीय अनुदानलाई निश्चित प्रकृया पूरागरी परिचालन गर्ने गरेको देखिन्छ । मुख्य गरेर आवस्थकता पहिचान गर्नु, आवस्यकताको प्राथमिकिकरण गर्नु, योजना निर्माण गर्नु, कार्यक्रम कार्यान्वयन गर्नु र कार्यक्रमको मूल्याङ्कन गर्नु सामुदायिक विद्यालयहरुले अवलम्बन गरेको वित्त परिचालन प्रकृयालाई निष्कर्षको रुपमा उल्लेख गर्न सकिन्छ ।

सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धि अपेक्षाकृत सन्तोषजनक देखिएन । शैक्षिक वर्ष २०६७/०६८ मा माध्यमिक तह कक्षा ९ र १० को अन्तिम परीक्षामा सामेल १८१ जना विद्यार्थी मध्ये १०१ जना विद्यार्थीहरुले मात्र तोकिएको शैक्षिक उपलब्धि हासिल गरी तह पारगरेको देखिन्छ । बाँकी ८० जना विद्यार्थीहरुले असफल हुनुले शिक्षामा सरकारले गरेको लगानीमाथि नै प्रश्न चिन्ह खडा भएको निष्कर्षमा पुग्न सकिन्छ । त्यसैगरी कक्षा दोऱ्याउने दर विचैमा पढाई छोड्ने दर उच्च हुनुले पनि माथिको तथ्यलाई पुष्टिगर्न थप मद्दत पुगेको निष्कर्ष निकाल्न सकिन्छ ।

अंग्रेजी, गणित र विज्ञान जस्ता प्रमुख विषयहरुमा विद्यार्थीहरुको उपलब्धि दर समेत सन्तोषजनक देखिदैन । प्रमुख विषयहरुमा विद्यार्थीहरुले तोकिएको सिकाई उपलब्धि हासील गर्न नसकेको तथ्यलाई पुष्टि गर्न सकिन्छ । समग्र जानकारी तथा सूचनाहरुको विश्लेषणबाट प्राप्तहुन आएका तथ्यहरुका आधारमा सामुदायिक विद्यालयहरुमा सरकारी लगानीको अपेक्षा अनुसार शैक्षिक उपलब्धि हासिल हुन नसकेको निष्कर्षमा पुग्न सकिन्छ ।

सामुदायिक विद्यालयहरुमा वित्तीय स्रोत परिचालनमा विभिन्न तत्वहरुले प्रभाव पारेको निष्कर्ष निकाल्न सकिन्छ । विशेष गरेर सरकारी अनुदान नीति, विद्यालयहरुको तथ्याङ्क विवरण, विद्यालय समुदाय सम्बन्ध, शैक्षिक उपलब्धि र विद्यालयको कार्य सम्पादन मूल्याङ्कन जस्ता तत्वहरुले वित्तीय व्यवस्थापनमा प्रभाव पार्ने गरेको निष्कर्ष निकाल्न सकिन्छ ।

**सुझावहरु**

यस अध्ययनको प्राप्ति र निष्कर्षहरुको आधारमा देखिएका समस्याहरुको समाधान गर्न नीति निर्माण तह, कार्यान्वयन तह र अनुसन्धान तहमा वर्गिकरण गरी सुझावहरु प्रस्तुत गरिएको छ ।

**नीतिगत तह**

नीतिगत तहबाट नै शैक्षिक कार्यक्रम, शैक्षिक योजना र समग्र शैक्षिक नीति निर्माण हुने भएकोले भावि नीति निर्माण हुँदा यस्ता सुझावहरु समावेस गर्न सकियोस भन्ने उद्देश्यले निम्ननानुसार नीतिगत सुझावहरु प्रस्तुत गरिएको छ ।

विद्यार्थीहरुको शिक्षण सिकाइमा प्रत्यक्ष प्रभावपार्ने छात्रवृत्ति , शैक्षिक सामग्री जस्ता शीर्षकमा ज्यादै नगन्य मात्र अनुदान प्राप्त हुने गरेकोले न्यूनतम् एक शैक्षिक वर्षको शैक्षिक खर्च धान्न सक्नेगरी छात्रावृत्ति शीर्षकमा न्यूनतम वार्षिक रु ६०००/- (अक्षरेपी छ हजार) अनुदान प्राप्त हुनुपर्ने देखिन्छ । विद्यालयमा छात्रवृत्ति रकम वितरण गर्दा स्पष्ट मार्गनिर्देशनका आधारमा नहुने गरेको र अझैपनि गरीब र सिमान्तकृत परिवारका बालवालिकाहरु यस्तो शैक्षिक सहुलियतबाट बन्चित हुँदै आएकोले उनीहरुको पहुँचलाई सुनिश्चितता पुग्ने हिसाबले विद्यालय अनुदान सम्बन्धी स्पष्ट नीति बन्नुपर्ने देखिन्छ ।

वर्तमान विद्यालय अनुदान निर्देशिकाले दलित तथा जनजाति समूहका बालबालीकाहरुको लागी मात्र शैक्षिक सहुलियत प्रदान गर्नेगरेकोले भविष्यमा शैक्षिक अनुदान सम्बन्धी नीति बनाउँदा जातिगत आधार भन्दापनि गरीबीलाई आधार बनाएर शैक्षिक सहुलियत प्रदान गर्दा न्यायसंगत हुने देखिन्छ ।

सामुदायिक विद्यालयहरुमा हालसम्मपनि परम्परागत ढंगले नै हिसाव किताव राखिने गरेको, शीर्षक परिवर्तन गरी अन्य शीर्षकमा प्राप्त रकमलाई शिक्षक कर्मचारीको तलब भत्तामा खर्च गर्ने गरेको समेत पाइएकोले विद्यालयमा जि.शि.का वा स्रोतकेन्द्र मार्फत नियमित अनुगमनको व्यवस्था गरिनुपर्ने देखिन्छ । त्यसैगरी विद्यालयको लेखापाल वा प्रधानाध्यापकलाई आधुनिक लेखाप्रणाली सम्बन्धी तालिमको समेत व्यवस्था गरिनुपर्ने देखिन्छ ।

सामुदायिक माध्यमिक विद्यालयहरुमा विषयगत शिक्षक दरवन्दीको अभाव रहनु, अंग्रेजी, गणित र विज्ञान जस्ता विषयहरु अझैपनि तल्ला तहका शिक्षकहरुले अध्यापन गराई रहनुपर्ने वाध्यता रहेकोले विद्यालयलाई थप कक्षा संचालन गर्ने अनुमति प्रदान गर्दा नै आवस्यक पर्ने विषयगत दरवन्दीको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरुको शैक्षिक उपलब्धि घट्दै गएको अवस्थामा निस्चित प्रतिशत भन्दा कम विद्यार्थी उत्तीर्ण गराउने विद्यालयहरुलाई दिइने अनुदान रकम कटौती गर्ने र तोकिएको मापदण्ड भन्दा वढी विद्यार्थी उत्तीर्ण गराउने शिक्षक तथा विद्यालयहरुलाई पुरस्कृत गरिने नीति निर्माण गरी कार्यान्वयन समेत गरिनुपर्ने देखिन्छ ।

**अभ्यास तह**

अध्ययन क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा दिगो आर्थिक व्यवस्थापनका लागि सरकारी निकायहरुबाहेक स्थानीय निकाय, अभिभावक लगायत अन्य गैह्सरकारी निकायहरुलाई समेत शैक्षिक लगानीमा वृद्धिगर्न अभिप्रेरित गारिनुपर्ने देखिन्छ । विद्यालयहरुमा आर्थिक स्रोत व्यवस्थापन तथा लगानी सम्बन्धी विस्तृत कार्ययोजना नभएकोले वित्तीय अनुशासन कायम हुन सकेको देखिदैन । त्यसैले सामुदायिक विद्यालयहरुमा उच्च वित्तीय अनुशासन कायम गर्न निर्धारित मापदण्ड अनुरुप खर्च नगर्ने विद्यालयहरुलाई कारवाहीको दायरा भित्र ल्याउनुपर्ने देखिन्छ ।

विद्यालयहरुमा उपलब्ध विभिन्न सरकारी अनुदान रकम र खर्चको अवस्थालाई वार्षिक रुपमा अभिभावक भेलामार्फत सार्वजनिक गर्नुपर्ने देखिन्छ ।

सामुदायिक विद्यालयहरुमा अध्ययनरत अपाङ्ग दलित तथा पिछडिएको समुदायका बालबालिकाहरुको शैक्षिक पहुँचमा वृद्धि गर्न सरकारी अनुदान बाहेक अन्य स्थानीय क्षेत्रबाट समेत स्रोत जुटाउने गरी विद्यालय तहमा नै स्रोत व्यवस्थापन सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा हुनुपर्ने देखिन्छ ।

विद्यालय तहमा क्षमता अभिवृद्धि कार्यक्रम मार्फत विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक, शिक्षक तथा कमचारीहरुलाई तथ्याङ्क संकलन, विश्लेषण, फाइलिङ्ग, लेखा व्यवस्थापन जस्ता विविध क्षेत्रमा दीर्घकालिन तथा अल्पकालिन तालिमको व्यवस्था गरिनु पर्ने देखिन्छ ।

विद्यालयहरुमा खस्कदै गएको शैक्षिक उपलब्धिका कारण सामुदायिक विद्यालयहरु प्रति अभिभावकहरुको चासो घट्दै गएको देखिन्छ। सामुदायिक विद्यालयहरुले बेलैमा सचेत नहुने हो भने कुनै दिन सामुदायिक विद्यालयहरुकै अस्तित्वमा प्रश्नचिन्ह खडा नहोला भन्न सकिदैन । त्यसैले सामुदायिक विद्यालयहरुमा हाल देखिएको शिक्षण सिकाइ प्रकृयामा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरुको कक्षा छोड्ने दर, असफल हुनेदर र कक्षा दोऱ्याउने दरलाई निरुत्साहित गर्न शैक्षिक सचेतना कार्यक्रमहरु सञ्चाल गरिनुपर्ने, सिकाइ समूहहरुको निर्माण गरी कम्जोर देखिएका बालबालिकाहरुका लागि विशेष सिकाइको व्यवस्था गरिनुपर्ने र कक्षा कोठा व्यवस्थापन गर्दा समेत विद्यार्थीहरुको अनुकुलतालाई ध्यान दिनुपर्ने देखिन्छ।

सामुदायिक विद्यालयहरुमा अंग्रेजी, गणित, विज्ञान जस्ता विषयहरुमा धेरै विद्यार्थीहरु असफल हुने गरेको देखिन्छ। प्रवेशिका परीक्षाको परिणामलाई हेर्ने हो भने पनि यो तथ्य प्रमाणित हुन्छ । विद्यार्थीहरुको विषयगत शैक्षिक उपलब्धि वृद्धि गराउन अफट्यारा विषयहरुको विशेष कक्षाहरु संचालन गर्ने, विषयगत दक्ष्य र योग्य शिक्षकहरुको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरुलाई सामुदायिक विद्यालयहरुमा कार्यन्वयन गर्दै लानुपर्ने देखिन्छ।

**अनुसन्धान तह**

शिक्षा क्षेत्रका विविध पक्षहरुमा सरकारी, गैह्रसरकारी तथा व्यक्तिगत रुपमा विभिन्न खोज तथा अनुसन्धानहरु हुँदै आएकाछन् । धेरै अनुसन्धानकर्ताहरुले सामुदायिक विद्यालयहरुको वित्तीय व्यवस्थापनको अवस्था र शैक्षिक उपलब्धिलाई आफ्नो अध्ययनको विषयवस्तु बनाउँदै आएको देखिन्छ । यती हुँदाहुँदै पनि सामुदायिक विद्यालयहरुमा लागत विश्लेषण, आर्थिक व्यवस्थापन, सामुदायिक खर्चको विश्लेषण, जनसहभागिता, सिमान्तकृत तथा पिछाडिएका समुदायका बालबालिकाहरुको शैक्षिक उपलब्धि जस्ता शीर्षकहरुमा अझै पनि खोज अनुसन्धान हुनुपर्ने देखिन्छ।

सामुदायिक विद्यालयहरुमा स्थानीय स्रोत परिचालनको अवस्था, विद्यालय अभिभावक सम्बन्ध लगायत सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धिमा शैक्षिक सुपरिवेक्षणको प्रभाव, तालिमको प्रभाव, स्रोत परिचानको अवस्था जस्ता शीर्षकहरुमा समेत थप अध्ययन अनुसन्धान हुनुपर्ने देखिन्छ।

## अनुसूची-१

विद्यार्थीको लागि प्रश्नावली

विद्यार्थीको नाम .............................. ठेगाना .............................

विद्यालयको नामः- ............................... हाल अध्ययनरत कक्षा ..................

१. तपाइले विद्यालयमा तलका कुन कुन शीर्षकमा शुल्क तिर्ने गर्नु भएको छ ?

क) भर्ना शुल्क ख) मासिक पढाई शुल्क ग) परीक्षा शुल्क ङ) अन्य ...........

२. तपाईले विद्यालयबाट कुनै सहुलियत (सेवा सुविधा) प्राप्त गर्नु भएको छ ? यदि प्राप्त गर्नु भएको छ भने कुन कुन शीर्षकमा कति कति रकम प्राप्त गर्नु भएको छ ?

३. तपाईले पाठ्यपुस्तक बजारबाट किन्नु पर्छ कि विद्यालयले निःशुल्क रुपमा अपलब्ध गराउने गर्दछ ?

४. तपाइको विचारमा सरकारले विद्यार्थीलाई उपलब्ध गराउने छात्रवृत्ति वा अन्य शैक्षिक सहयोग सम्बन्धी रकम पर्याप्त छ ?

६. तपाई यो कक्षा सम्म आइपुग्दा कुनै कक्षामा असफल हुनु भएको छ ?

७. तपाइले विगतको परीक्षामा अंग्रेजी, गणित, विज्ञान जस्ता विषयहरु उत्तीर्ण गर्नु भयो ?

८. तपाइले विगत परीक्षामा विषयगत रुपमा प्राप्त भएको प्राप्ताङ्कलाई उल्लेख गरिदिनु होला ।

क) अंग्रेजी ख) गणित ग) विज्ञान घ) नेपाली

९. तपाईको विद्यालयमा के कस्ता भौतिक सेवा सुविधाहरु उपलब्ध छन् ?

१०. के तपाईको विद्यालयमा अंग्रेजी, गणित जस्ता विषयहरुको अतिरिक्त कक्षा समेत सञ्चालन हुने गर्दछन् ?

११. तपाईको विचारमा सामुदायिक विद्यालयमा वित्तीय परिचालनमा के कस्ता तत्वहरुले प्रभाव पार्छन् होला ?

सामुदायिक विद्यालयको शिक्षण सिकाइमा वित्तीय व्यवस्थापन

## अनुसूची-२

शिक्षकका लागि प्रश्नावली

विद्यालयको नामः........................................................................

नाम ........................................................ तह .................

१. तपाई माध्यमिक तहको कुन विषय शिक्षण गर्नु हुन्छ ?

२. शिक्षणमा पाठ्यपुस्तक बाहेक अन्य के कस्ता शैक्षिक सामग्रीहरु प्रयोग गर्नु हुन्छ ?

३. विषयवस्तु सँग मिल्ने अन्य कुनै संदर्भ सामग्रीहरु पनि प्रयोग गर्नुहुन्छ ?

४. तपाईको विषयमा विगत वर्षहरुमा विद्यार्थीहरुको शैक्षिक उपलब्धि के कस्तो पाउनु भएको छ ?

५. के तपाई अतिरिक्त कक्षाहरु समेत सञ्चालान गर्दै आउनुभएको छ ?

६. तपाईले अतिरिक्त कक्षाहरु सञ्चालन गरेवापत विद्यालय वा समुदायबाट कुनै आर्थिक सहयोग प्राप्त गर्ने गर्नु भएको छ ?

७. तपाईको विषयमा विद्यार्थीहरुको उर्त्तीण दरमा वृद्धि गर्न के कस्ता योजना र कार्यक्रमहरु बनाउनु भएको छ ?

८. तपाईको विद्यालयमा प्रर्याप्त विषयगत शैक्षिक सामग्रीहरु उपलब्ध छन् ?

९. सामुदायिक विद्यालयमा के कस्ता क्षेत्रहरुबाट वित्तीय अनुदान प्राप्तहुने गर्दछ ?

१०.तपाईको विद्यालयमा वित्तीय परिचालन गर्दा के कस्ता प्रकृयाहरु अवलम्बन गर्ने गरिन्छ ?

११. तपाईको विद्यालयमा वित्तीय स्रोत परिचालनमा के कस्ता तत्वहरुले प्रभाव पार्ने गरेका छन् ?

सामुदायिक विद्यालयको शिक्षण सिकाइमा वित्तीय व्यवस्थापन

## अनुसूची- ३

अभिभावकहरुका लागि प्रश्नावली

नाम .................................... ठेगाना .......................लिङ्ग .............

पेशा ................ शिक्षा ................... परिवारको संख्या ..........................

१.के तपाईले आफ्नो नानी पढ्दै गरेको विद्यालयमा कुनै रकम बुझाउदै आउनु भएको छ ?
यदि छ भने कुन-कुन शीर्षकमा बुझाउनु हुन्छ ?

२. विद्यालयले कुनै आर्थिक सहयोग माग्नु परेमा के कस्तो प्रकृया अवलम्बन गर्ने गर्दछ ?

३. तपाइको विद्यालयमा कुन-कुन स्रोतबाट आर्थिक अनुदान प्राप्त हुने गर्दछन् ?

४. तपाईको विचारमा सामुदायिक विद्यालयहरुको वित्तीय व्यवस्थापनमा के कस्ता तत्वहरुले प्रभाव पार्छन्होला ?

५. तपाइको नानीको पढाई सम्वन्धमा विद्यालयले समय समयमा छलफल गर्ने गरेको छ ?

६. तपाइलाई नानीको सिकाई सम्वन्धमा थप केही जानकारी छ ?

७. सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धिमा वृद्धि गर्न सरकारले के कस्ता
शीर्षकहरुमा अनुदान उपलब्ध गराउनु पर्छ होला जस्तो लाग्छ ?

सामुदायिक विद्यालयको शिक्षण सिकाइमा वित्तीय व्यवस्थापन

**अनुसूची-४**

प्रधानाध्यापक अन्तरवार्ता सूची

विद्यालयको नाम.......................................................ठेगाना ............................

१. तपाइको विद्यालयमा के कस्तो शीर्षकमा सरकारी अनुदान प्राप्त हुने गरेको छ ?

२. अभिभावकबाट पनि कुनै शीर्षकमा रकम असुल गर्नु हुन्छ कि ?

३. विद्यालयमा प्राप्त सरकारी अनुदान रकम कुन कुन शीर्षक अन्तर्गत वढी खर्च हुन्छ ?

४. विद्यार्थीहरुको शिक्षण सिकाइमा प्रत्यक्षरुपले प्रभावपार्ने गरी कुन कुन शीर्षकमा अनुदान रकम प्राप्त हुने गर्दछ ?

५. तपाइको विद्यालयमा विभिन्न स्रोतबाट प्राप्त आर्थिक अनुदान परिचालन गर्न के कस्तो प्रकृया अवलम्बन गर्नुहुन्छ ?

६. अहिलेको शैक्षिक उपलब्धिमा वृद्धिगर्न सरकारले थप कस्ता कस्ता शीर्षकमा अनुदान रकम बढाउनु पर्छ होला जस्तो लाग्छ ?

७. वर्तमान सरकारी स्रोतलाई नै प्रभावकारी ढंगले परिचालन गरी शैक्षिक उपलब्धि वृद्धिगर्न विद्यालयका केही नयाँ कार्यक्रमहरु छन् की ?

८. तपाईको विद्यालयमा वित्तीय स्रोत परिचालनमा के कस्ता तत्वहरुले प्रभावपार्ने गर्दछन् ?

## अनुसूची-५

विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई अन्तरवार्ता सूची

विद्यालयको नामः................................................. ठेगाना .................

१. विद्यालयमा आम्दानीका स्रोतहरु के के हुन् ?

२. तपाइको विद्यालयमा प्राप्त हुने सरकारी अनुदान रकम पर्याप्त छ ?

३. विद्यालयमा उपलब्ध सरकारी अनुदान रकमलाई प्रभावकारी ढंगले परिचालन गर्न वि.व्य.स. ले कस्तो भूमीका निर्वाह गरेको छ ?

४. विद्यालयको आम्दानी र खर्च अभिभावक समक्ष कसरी पारदर्शी गर्नुहुन्छ ?

५. विद्यालयमा सामुदायिक लगानीको आवस्यकता देख्नु हुन्छ की हुन्न् ?

६. सामुदायिक लगानी अन्तर्गत कुन-कुन स्रोतबाट आर्थिक अनुदान प्राप्त गर्दै आउनुभएको छ ?

७. तपाईको विद्यालयमा वित्तीय स्रोत परिचालनका लागी के कस्तो प्रकृया अवलम्बन गर्दै आउनुभएको छ ?

८. तपाईको विद्यालयमा वित्तीय स्रोत परिचालनका लागी के कस्ता तत्वहरुले प्रभाव पार्ने गर्दछन् ?

९. के तपाई बर्तमान शैक्षिक उपलब्धिसंग सन्तुष्ट हुनुहुन्छ ?

## अनुसूची-६

शैक्षिक वर्ष २०६८ मा विद्यालयको माध्यमिक तह (९-१०) मा प्राप्त सरकारी अनुदान रकमको विवरण

| क्र.स | विद्यालयका नाम | विभिन्न शीर्षकमा प्राप्त अनुदान रकम | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रवृत्ति | | पुस्तक खरिद | शैक्षिक सामग्री | निर्माण, मर्मत | जम्मा |
| | | माध्यमिक | दलित | | | | |
| १ | श्री सरस्वती उ.मा.वि | १५,३०० | १५०० | ४५,३७२ | ६३,९६० | ७,६४,००० | ८९०१३२ |
| २ | श्री बुद्ध मा.वि. | ६,८०० | २००० | ४६,३४७.७७ | १४,२५० | २,५०,००० | ३१९३९७.७७ |

## अनुसूची-७

शैक्षिक वर्ष २०६८ मा गैह्रसरकारी स्रोतबाट प्राप्त अनुदान रकमको विवरण

| ग.वि.स. | गाउँ शिक्षा समिति | अन्य गैह्रसरकारी संघ संस्था | अभिभावक | जम्मा |
|---|---|---|---|---|
| ६८,५००/- | १५,०००/- | | २,९३,६००/- | ३,७७,१००/- |

## अनुसूची-८

२०६८ को विद्यार्थीहरुको उपलब्धि विवरण

| **क्र.सं.** | **विद्यालयको नाम** | **कक्षा** | **परीक्षामा सामेल विद्यार्थीहरु** | | | **परीक्षामा उत्तीर्ण विद्यार्थीहरु** | | | **उत्तीर्ण प्रतिशत** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** |
| १ | श्री सरस्वती उ.मा. वि. | ९ | २१ | २८ | ४९ | २० | २४ | ४४ | ९५.३४ | ८५.७२ | ८९.८ |
| | | १० (प्रवेशिका) | १८ | २० | ३८ | १ | २ | ३ | ५.५५ | १० | ७.८ |
| १ | श्री बुद्ध म.वि. | ९ | २२ | ३० | ५२ | २१ | ३० | ५१ | ९५.५ | १०० | ९८.०७ |
| | | १० (प्रवेशिका) | १९ | २३ | ४२ | ३ | - | ३ | १५.७८ | ० | ७.१४ |
| | | **कूल जम्मा** | ८० | १०१ | १८१ | ४५ | ५६ | १०१ | | | |

(नोटः कक्षा १० को उपलब्धि एस.एल.सी. २०६८ अनुसा उल्लेख गरिएको छ ।)

## अनुसूची-९

२०६८ को विद्यार्थीहरुको उपलब्धि विवरण

| क.स | विद्यालयको नाम | कक्षा | भर्ना भएको कुल विद्यार्थी | | | पुन उही कक्षा दोऱ्याउने विद्यार्थी | | | विचैमा पढाई छोड्ने विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | श्री सरस्वती उ.मा.वि. | ९ | २२ | २९ | ५१ | १ | ३ | ४ | १ | २ | ३ |
| | | १० | २२ | २४ | ४६ | १७ | १८ | ३५ | ४ | ४ | ८ |
| २ | श्री बुद्ध मा.वि. | ९ | २३ | ३० | ५३ | १ | ० | १ | १ | ० | १ |
| | | १० | १९ | २५ | ४४ | १६ | २३ | ३९ | ० | २ | २ |
| जम्मा | | | ८६ | १०८ | १९४ | ३५ | ४४ | ७९ | ६ | ८ | १४ |

सामुदायिक विद्यालयको शिक्षण सिकाइमा वित्तीय व्यवस्थापन

**ग्री-१०**

२०६८ को विषयगत औसत उपलब्धि विवरण (मुख्य चार विषयको मात्र)

| **क्र.सं.** | **विद्यालयको नाम** | **कक्षा** | **नेपाली** | **अंग्रेजी** | **गणित** | **विज्ञान** |
|---|---|---|---|---|---|---|
| १ | श्री सरस्वती उ.मा.वि | ९ | ४८.७१ | ३३.०३ | २९.०८ | ३१.८३ |
| | | १० (प्रवेशिका) | ४७.०४ | ३४.६१ | २१.४३ | २२.६७ |
| २ | श्री बुद्ध मा.वि. | ९ | ४७.२२ | ३२.०८ | २८.०६ | ३२.२१ |
| | | १० (प्रवेशिका) | ४५.३७ | ३५.३२ | २२.१४ | २१.४४ |

## सन्दर्भ सामग्री

आचार्य, दधिराम (२०६१), *माध्यमिक विद्यालयको वित्तीय तथा लागत अवस्था सुर्खेत जिल्लाको भेरी क्षेत्र एक अध्ययन,* (अप्रकाशित शोधपत्र) काठमाण्डौं: विश्व विद्यालय क्याम्पस, किर्तिपुर ।

कार्की, भिमबहादुर (२०६८), *उरांव र गैह्उरांव समुदायका विद्यार्थीहरुको प्राथमिक तहमा सहभागीता र शैक्षिक उपलब्धि एक तुलनात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र) इलामः म.र.व. क्याम्पस, इलाम ।

काफ्ले, बासुदेव र साथीहरु (२०६४), *शिक्षाको वित्तशास्त्र,* काठमाण्डौं: सनलाइट पब्लिकेशन काठमाण्डौं ।

खतिवडा, उर्मिला (२०६८) *प्राथमिक तहमा विद्यार्थीहरुले विचैमा विद्यालय छोड्ने कारण* - अप्रकाशित शोधपत्र) इलामः म.र.व. क्याम्पस, इलाम ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौः सनलाइट पब्लिकेसन, किर्तिपुर ।

घिमिरे, निर्मला (२०६५), *सामुदायिक माध्यमिक विद्यालयमा गरिएको आर्थिक लगानी र त्यसको शैक्षिक उपलब्धि एक अध्ययन,* (अप्रकाशित शोधपत्र) काठमाण्डौः विश्वविद्यालय क्याम्पस, किर्तिपुर ।

ढुंगाना, वासुदेव (२०६८), *प्राथमिक तहमा लिम्बू जातिको सहभागिता,* (अप्रकाशित शोधपत्र) इलामः म.र.व. क्याम्पस, इलाम ।

तुलाधर, युरिका (२०१०), *एसेसिङ इम्प्याकट अफ स्कलरसिफ प्रोग्राम अफ रुम टु रिड* (अप्रकाशित शोधपत्र) काठमाण्डौः विश्वविद्यालय क्याम्पस किर्तिपुर ।

थापा, केदारनाथ (२०६४), *सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धि विच तुलनात्मक अध्ययन,* (अप्रकाशित शोधपत्र) काठमाण्डौं: विश्वविद्यालय क्याम्पस, किर्तिपुर ।

*दशौं योजना (२०५९-६४),* काठमाडौः राष्ट्रिय योजना आयोग ।

दहाल, गेहेन्द्र (२०६४), *दलित बालबालिकाहरुको शैक्षिक अवस्था एक अध्ययन,* (अप्रकाशित शोधपत्र) मोरङ्ः सुकुना बहुमुखि क्याम्पस, मोरङ्ग ।

निरौला, सोमनाथ (२०६५), *एस.एल.सी. (प्रबेशिका) परीक्षामा गणित विषयको प्रभाव,* (

अप्रकाशित शोधपत्र) मोरङ्गः सुकुना बहुमुखि क्याम्पस, मोरङ्ग ।

न्यौपाने, गुरुप्रसाद (२०६८) *प्राथमिक विद्यालयहरुमा दलित विद्यार्थीहरुको विद्यालय छोड्ने कारण,* (अप्रकाशित शोधपत्र) इलामः म.र.व. क्याम्पस, इलाम ।

न्यौपाने, टंकप्रसाद (२०६३) *दुर्गम क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयको आर्थिक स्थिति र जनसहभागिता बझाङ्ग जिल्लला एक अध्ययन,* (अप्रकाशित शोधपत्र) काठमाण्डौंः विश्वविद्यालय क्याम्पस, किर्तिपुर ।

*नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु (२०५९),* काठमाडौः मकालु बुक्स एण्ड स्टेशनर्स ।

पराजुली, मनोजकुमार (२०६४), *प्राथमिक तहमा अध्ययनरत छात्राहरुको प्रभावकारीता एक अध्ययन,* (अप्रकाशित शोधपत्र) काठमाण्डौंः महेन्द्र रत्न क्याम्पस, ताहाचल ।

पौडेल, शुरवीर (२०५२), *अर्थशास्त्रको सिद्धान्त.* काठमाडौः रत्न पुस्तक भण्डार, भोटाहिटी ।

प्रधान, विमल (२०६८), *लेप्चा जातिका बलबालिकाहरुको शैक्षिक अवस्था एक अध्ययन,* इलामः अनुसन्धानात्मक लेख ।

*फर्मेटिभ अनुसन्धान परियोजना (२०६४),* काठमाण्डौंः शिक्षा विकाश तथा अनुसन्धान केन्द्र ।

*फ्ल्याक्स रिपोर्ट (२०११-१२),* भक्तपुरः नेपाल सरकार, शिक्षा मन्त्रालय ।

बुजुदा, चन्द्रकुमारी (२०६३), *माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन,* (अप्रकाशित सोधपत्र) काठमाण्डौः विश्वविद्यालय क्याम्पस, किर्तिपुर ।

भट्टराई, चन्द्रकला (२०६६), *संस्थागत तथा सामुदायिक विद्यालयमा गरिएको आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन,* (अप्रकाशित सोधपत्र) काठमाण्डौः विश्वविद्यालय क्याम्पस, किर्तिपुर ।

भण्डारी, सूर्यकिरण (२०६८), *प्राथमिक विद्यालय लागत अनुमानको विष्लेशण,* (अप्रकाशित शोधपत्र) इलामः म.र.व. क्याम्पस, इलाम ।

*वलमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७),* भक्तपुरः नेपाल सरकार, शिक्षा मन्त्रालय ।

*विद्यालय क्षेत्र सुधार योजना (२०६७-७२),* भक्तपुरः नेपाल सरकार, शिक्षा मन्त्रालय ।

शर्मा, गोपिनाथ (२०६१), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौः आशिष पुस्तक भण्डार ।

शर्मा, गोपिनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमाडौः लुम्बिनी

पुस्तक भण्डार ।

*शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ (संसोधनसहित) २०६६,* काठमाडौः मकालु बुक्स एण्ड स्टेशनर्स ।

*शिक्षा विभागको प्रतिवेदन (२०६६),* भक्तपुरः नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शैक्षिक योजना महाशाखा ।

सिग्देल, वामवेद र अन्य (२०५६), *विकास र योजनाको अर्थशास्त्र,* काठमाडौः एम्के पब्लिशर्स एण्ड डिस्ट्रीव्यूटर्स, भोटाहिटी ।

सिन्हा, रामस्वरुप (२०६३), *एक्काइसौं शताब्दीको शैक्षिक दूरदृष्टि,* काठमाडौः काभ्रे अफसेट प्रेस, तीनकुने ।

सेरिड (१९८४), *डिटरमिनाइन्ट्स अफ एजुकेशनल पाटिसिपेसन इन रुरल नेपाल,* काठमाण्डौः सेरिड् ।

*स्कुल सेक्टर रिफर्म प्रोग्राम स्टार्टस रिपोर्ट (२०10),* भक्तपुरः गर्भरमेन्ट अफ नेपाल, मिनिस्ट्री अफ एजुकेशन ।

**अनुसूची-११**

प्रधानाध्यापक छलफल सूची

विद्यालयको नाम........................................................ठेगाना .............................

१.विद्यालयमा वित्तीय लगानीका प्रमुख स्रोतहरु के के हुन् ?

२.सामुदायिक विद्यालयहरुमा सरकारले कुन कुन क्षेत्रमा लगानी गर्नु पर्ने देखिन्छ ?

३.सरकारी अनुदानले सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

४.अभिभावकहरुले कुन कुन शीर्षकमा सामुदायिक विद्यालयहरुमा लगानी गर्ने गर्दछन् ?

५.सामुदायिक विद्यालयहरुमा वित्त परिचालनका लागि कस्तो प्रकृया अवलम्वन गरिन्छ ?